# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## हेटौंडा उप महानगरपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

हेटौंडा उप महानगरपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

हेटौंडा उप महानगरपालिका

मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन। अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १७९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

**श्री नगर प्रमुखज्यू,**
**हेटौंडा उप-महानगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**हेटौंडा, मकवानपुर ।**

१. **कैफियत सहितको राय** - हामीले हेटौंडा उपमहानरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१६ करोड ९८ लाख ७३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६ करोड ३५ लाख ३३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ करोड १६ लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७६ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १६ लाख २० हजार र पेश्की बाँकी रु.२ करोड ५४ लाख ४६ हजार समेत रु.१० करोड ६३ लाख ४० हजार रहेको छ । हेटौंडा उप-महानगरपालिकाको गतवर्षसम्म रु.४० करोड ५९ लाख ३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.५१ करोड २२ लाख ४३ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने उप-महानगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी हेटौंडा उपमहानगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

# हेटौंडा उपमहानगरपालिका,
# मकवानपुर जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| अ सैद्धान्तिक | लगती | | अ सैद्धान्तिक | लगती | | अ सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ५३३ | १६९८७३ | ० | २०१ | ६३५३३ | ४९ | ३३२ | १०६३४० | ४१६६९ | २१६२० | १७६०५ | ० | ० | ३९२२५ | २५४४६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ४०५९०३ | ० | ० | ४०५९०३ | ० | १०६३४० | ५१२२४३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | २०७९।८० | २२ | भाडा भुक्तानी भएको प्रमाण पेस | ३६०००० |
| २ | २०७९।८० | ३० | मू. अ. कर दाखिला प्रमाण पेस | ३२७७२१६ |
| ३ | २०७९।८० | ३१ | नदीजन्य पदार्थको बक्यौता रकम असुली भएको प्रमाण पेस | ७८२८४४९.५३ |
| ४ | २०७९।८० | ३२ | घटीमा सम्झौता भएको प्रमाण पेस | १३२४११२५ |
| ५ | २०७९।८० | ३३ | सटर भाडा दाखिला भएको प्रमाण पेस | ५४०६८१ |
| ६ | २०७९।८० | ३७ | बसपार्क र टर्मिलन भवन निर्माणको प्रमाण पेस | ७९४६००० |
| ७ | २०७९।८० | ३८ | बीमा म्याद थपको प्रमाण पेस | ९९५६८२ |
| ८ | २०७९।८० | ४२ | कोटेशनबाट कार्य नगराएको प्रमाण पेस | ७९७३४७२ |
| ९ | २०७९।८० | ४८ | कार्यसम्पन्न प्रतिवेदन पेस | ८०८०९७.९५ |
| १० | २०७९।८० | ४९ | प्राविधिक परीक्षणको प्रतिवेदन पेस | १४२४६४६ |
| ११ | २०७९।८० | ५० | डिप बोरिङको कार्यसम्पन्न प्रतिवेदन पेस | २९५७७९ |
| १२ | २०७९।८० | ५४ | मू. अ. कर बुझाएको प्रमाण पेस | ४००५१८० |
| १३ | २०७९।८० | ६२ | सल्लाहकारहरूको नियुक्ति | ७३३८१५ |
| १४ | २०७९।८० | ६५ | प्रोत्साहन भत्ता | ११६३२५०१ |
| १५ | २०७९।८० | ६७ | विद्यालयबाट कार्यसम्पन्न प्रतिवेदन पेस | १०००००० |
| १६ | २०७९।८० | ६८ | कर दाखिला भएको प्रमाण पेस | ६५७६० |
| १७ | २०७९।८० | ६९ | नगरसभाको खर्चको प्रमाण पेस | २३१४२४ |
| १८ | २०७९।८० | ७१ | बढी भुक्तानी रकमको दाखिलाको प्रमाण पेस | १४२९११ |
| १९ | २०७९।८० | ७३ | बढी भुक्तानी रकमको दाखिलाको प्रमाण पेस | ४६६६५ |
| २० | २०७९।८० | ७७ | बढी भुक्तानी रकमको दाखिलाको प्रमाण पेस | ६३४०० |
| २१ | २०७९।८० | ७८ | बढी भुक्तानी रकमको दाखिलाको प्रमाण पेस | ६९६०० |
| २२ | २०७९।८० | ८० | अनुगमन भत्ता | १०२००० |
| २३ | २०७९।८० | ८३ | बढी भुक्तानी रकमको दाखिलाको प्रमाण पेस | ३७९३६ |
| २४ | २०७९।८० | ९६ | मृत्य भएका लाभग्रीको रकम दाखिलाको प्रमाण पेस | ७१०३९३ |
| | **कुल जम्मा** | | | **६३५३२७३३.४८** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १९ वडा रहेको छ भने क्षेत्रफल २६२.५८ वर्ग किलोमिटर तथा १ लाख ९६ हजार ७४१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।८ देखि २०८०।९।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.५,६५,५६,४९,१४२।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२३,०९,८९९।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | वापत | रकम |
|---|---|---|
| १ | सटर भाडा | २३०१९१९ |
| २ | सामाजिक सुरक्षा दोहोरो निकासा | ७९८० |
| | **जम्मा** | **२३०९८९९** |

## २ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३४३६९८८४५३ | १९९०५४७९९४ | | १९९०५४७९९४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३३००९५५००० | १९४३३२१२३९ | ० | १९४३३२१२३९ |
| ११००० कर | ११ | ७०८०२०२०० | ६०९१९१८७६ | ० | ६०९१९१८७६ |
| १३००० अनुदान | | १२९८३०४००० | ११८४५७९२२७ | ० | ११८४५७९२२७ |
| संघीय सरकार | १२ | ११८१९५५००० | १०९९००६८१९ | ० | १०९९००६८१९ |
| प्रदेश सरकार | १२ | ९५८४९००० | ८५५७२४०८ | ० | ८५५७२४०८ |
| अन्तरिक श्रोत | | २०५००००० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १५४४७५००० | १०५९५२०२४ | ० | १०५९५२०२४ |
| १५००० विविध प्राप्ति | | ५०००० | १७७७९७ | ० | १७७७९७ |
| ३२००० वित्तीय सम्पत्ति | | १०५०१०५८०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १३६०३३४५३ | ४७२२६७५५ | | ४७२२६७५५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरू | | १३६०३३४५३ | ३६१७९४३० | ० | ३६१७९४३० |
| धरौटी | | ० | ११०४७३२५ | ० | ११०४७३२५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३४३६९८८४५३ | २५६८६४९९२२ | | २५६८६४९९२२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३३००९५५००० | २४७७८८२०८५ | | २४७७८८२०८५ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ७९९०६३६५० | ७७४४०६७५२ | ० | ७७४४०६७५२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५२५२९९९१४ | ३८५८११०२३ | ० | ३८५८११०२३ |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन | १८ | १००५०००० | ३८२२३१३ | ० | ३८२२३१३ |
| २५००० सहायता ( Subsidy) | १८ | १९२३९१५५७ | १६९५६४८८३ | ० | १६९५६४८८३ |
| २६००० अनुदान | १८ | ४१३५०००० | २२३४५००० | ० | २२३४५००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६०३८८५६७ | ४६३०१६२९ | ० | ४६३०१६२९ |
| २८००० अन्य खर्च | १८ | १२५४८७२० | ५७३२७४४ | ० | ५७३२७४४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६४८३६२५९२ | १०६१३३२६७० | ० | १०६१३३२६७० |
| ३३००० दायित्व | १८ | ११५००००० | ८५६५०७० | ० | ८५६५०७० |
| घ. अन्य भूक्तानी | | १३६०३३४५३ | ९०७६७८३६ | | ९०७६७८३६ |
| कोषहरू | | १३६०३३४५३ | ८६२०१८६२ | ० | ८६२०१८६२ |
| धरौटी | | ० | ४६९१५०४ | ० | ४६९१५०४ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१२५५३० | | -१२५५३० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -५४८२६५४७३ | | -५४८२६५४७३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२४४१५८४११ | | १२४४१५८४११ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ६६६०५६४८३ | | ६६६०५६४८३ |
| बैंक तथा नगद बाकी | २४ | | ६७३०२४०५४ | | ६७३०२४०५४ |

पालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५५४७४४००० | ५४५१४३५८९ |
| २ | गरिबसँग विश्वेश्वर | ४६५००० | ४६३००० |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३०००००० | २६१९०२४ |
| | **जम्मा** | **५५८२०९०००** | **५४८२२५६१३** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५४,५१,४३,५८९।२७, गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४,६३,०००।- र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रू.२६,१९,०२४।- समेत रू.५४,८२,२५,६१३।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.२ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.५,००,४२,९४४।०२, पुँजीगत खातामा रु.८,६१,९१,९५५।१३, आन्तरिक राजस्व खातामा रु.१,८२,५०,९९१।७७ राजस्व बाँडफाँट खातामा रु.६,३३,९४७।-, विभाज्य कोष खातमा रू.३,२१,९२२।५४ समेत रु.१५,५४,४१,७६०।४६ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१,२२,३९,२३,४०९।९६ मौज्दात रहेकोमा यो वर्ष रु.१,२४,४१,५८,४१०।६३ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,०२,३५,०००।६७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.४ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु.१,२५,५२९।९६ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२५,५२९ |

३.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार

नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५८०७७५७७२ | ५१२७८५३२८ | -६७९९०४४३ |
| चालु खर्च खाता | ० | ५००४२९४४ | ५००४२९४४ |
| पुँजीगत खर्च खाता | ० | ८६१९१९५५ | ८६१९१९५५ |
| विविध खर्च खाता | १०७२९५२९ | १०७२९५२९ | ० |
| प्रकोप व्यवस्थापन खाता | ६९९२२८५ | ७००२१३५ | ९८५० |
| स्थानीय विभाज्य कोष | ० | ३२१९२३ | ३२१९२३ |
| स्थानीय तह विविध कोष खाता | २७५३९७५८ | २७५३९७५८ | ० |
| धरौटी | ४६९८६७११ | ४६९६८०७१ | -१८६४० |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | १८२५०९९२ | १८२५०९९२ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ६३३९४७ | ६३३९४७ |
| **जम्मा** | **६७३०२४०५४** | **७६०४६६५८१** | **८७४४२५२७** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना  नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख

छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रू. हजारमा | | | | आषाढ |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | महिनाको खर्च |
| पुँजीगत खर्चतर्फ | १०६१३३३ | ८६०१९ | १००३०८ | २४८६६९ | ६२६३३५ | ३२४१५४ |
| प्रतिशत | १०० | ८.१ | ९.४५ | २३.४३ | ५९.०१ | ३०.५४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१ अर्ब ६ करोड १३ लाख ३३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८ करोड ६० लाख १९ हजार (८.१० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१० करोड ३ लाख ८ हजार (९.४५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२४ करोड ८६ लाख ६९ हजार (२३.४३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.६२ करोड ६३ लाख ३५ हजार (५९.०१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३२ करोड ४१ लाख ५४ हजार (३०.५४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ७ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१२ मा रु.२ अर्ब ७१ करोड ७९ लाख ७२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२० मा पारित भएकोमा नगरसभाको १२ औं अधिवेशनबाट बजेट संशोधन गरी रू.३ अर्ब १८ करोड ८५ लाख स्वीकृत गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी बजेट कार्यक्रम हुँदासमेत पुँजीगत बजेट ६४.३९ प्रतिशत मात्रै खर्च भएको अवस्था छ । बजेट कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

## ८ क्षेत्रगत बजेट तथा खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी

खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२६०८३७२० | १३४२७०१९६ | ५.४२ |
| २ | सामाजिक विकास | १२४७६२८०६२ | १०७६४१३८२४ | ४३.४४ |
| ३ | पूर्वाधार विकास | १२३५०३३८७० | ८०५१५५५९७ | ३२.४९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३२५९३७०० | ७०१३७७९३ | २.८३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४५९६१५६४७ | ३९१९०४६७५ | १५.८२ |
| | **कुल जम्मा** | **३३००९५५०००** | **२४७७८८२०८५** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४३.४४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.८३ प्रतिशत रहेको छ ।

## ९ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ३१६ योजना तथा कार्यक्रमको रु.२६,५०,०५,८१९।- रकमान्तर गरेको छ ।यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## १० जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरूलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

## ११ गत वर्षको दायित्व भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेट रू.३३,३८,१०,००२।६० गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.१६,७६,११,२६२।५७ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष

परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### १२ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १९ वडाको लागि वडागत र पालिकास्तरका कुल ११२९ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७०४ | ३५ | ५०२ | १६७ |
| २ | वडास्तरीय | ४२५ | ५ | ३१७ | १०६ |
| | **जम्मा** | **११२९** | **४०** | **८१९** | **२७०** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११२४ योजनामात्र कार्यान्वयन भई ५ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले यो जना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### १३ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १२ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु.३२,०४,१८१।६४ तथा ३ थान चार पाङ्ग्रे सवारी साधन खरिदमा रु.९८,७४,३००।८७ का समेत रु.१,३०,७८,४८२।५१ खर्च गरेको छ ।

| क.सं. | सवारी साधनको नाम | संख्या | रकम |
|---|---|---|---|
| १ | ट्रिपर सानो | १ | २२०२६५५ |
| २ | ट्रिपर | २ | ७६७१६४६ |
| ४ | मोटरसाइकल | १२ | ३२०४१८२ |
| | **जम्मा** | **१५** | **१३०७८४८३** |

### १४ कर्मचारी अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत वर्षको रू.२,८५,५८,५७३।२६ र यसवर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रु.३,१२,७०,९४२।— ट्रान्सफर गरी जम्मा रू.५,९८,२९,५१५।२६ आम्दानी जनाई १४ जना कर्मचारीहरूलाई उपदान, सेवा

निवृत्तको संचित बिदा, सेवा निवृत्तको औषधि उपचार, कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च लगायतका शीर्षकमा रू.४,७९,०१,४०५।२९ खर्च गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

| सि.नं. | संकेत | शीर्षक | खर्च रकम |
|---|---|---|---|
| १ | २१२१३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ४२३४०.०० |
| २ | २७३१२ | उपदान | २९१८९१६८.२५ |
| ३ | २७३१३ | सेवा निवृत्तको संचित विदा | ८१२३९१५.०४ |
| ४ | २७३१४ | सेवा निवृत्तको औषधी उपचार | १०५१९४००.०० |
| ५ | २८२१९ | अन्य फिर्ता | २६५८२.०० |
| | | **जम्मा** | **४७९०१४०५.२९** |

१५ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यवस्था रहेको छ । स्थानीय तहले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.३०,३४,७०७।- खर्च गरेकोमा सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । साथै उक्त सफ्टवेयरहरू जिन्सी खातामा दाखिला नभएकोले सफ्वेयर स्वीकृति लिई प्रयोग गर्ने र जिन्सी खातामा दाखिला गर्नुपर्दछ ।

| सि. नं . | सफ्टवेयरको नाम | खर्च रकम |
|---|---|---|
| १ | डिजिटल नागरिक बडापत्र | ४९५६९३ |
| २ | क्लाउड व्यवस्थापन सफ्टवेयर | १९०००० |
| ३ | ई. सि . डी . मल्टिमिडिया एण्ड्रोइड एप्लिकेशन | ४८७००० |
| ४ | वडा कार्यालय वेवसाइट निर्माण | ३८९८५० |
| ५ | अनलाइन दर्ता चलानी प्रणाली | ४९२११५ |
| ६ | एक कल समस्या हल ( गुनासो व्यवस्थापन प्रणाली ) | ४८८४९९ |
| ७ | प्याथोलोजी ल्याब व्यवस्थापन प्रणाली | ४९१५५० |
| | **जम्मा** | **३०३४७०७** |

१६ **सेवा प्रवाह**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | ईकाइ | जम्मा |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | वटा | ३८७ |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | वटा | ३११५ |
| मृत्युदर्ता | वटा | १००८ |

| | | |
|---|---|---|
| बसाईसराई दर्ता | वटा | ५१०१ |
| विवाह दर्ता | वटा | १७१६ |
| सम्बन्धविच्छेद दर्ता | वटा | २६४ |
| **भौतिक पूर्वाधार निर्माणतर्फ** | | |
| क्रंकिट सडक | कि.मि. | ७३ |
| कालोपत्रे | कि.मि. | २ |
| कल्भर्ट | वटा | २ |
| खानेपानी पूर्वाधार | वटा | २२ |
| विद्यालय पूर्वाधार | वटा | ३६ |
| पर्यटन पूर्वाधार | वटा | १२ |
| खेलकुद पूर्वाधार | वटा | ३० |
| गुम्वा निर्माण | वटा | १० |
| मन्दिर निर्माण | वटा | ७७ |
| जामे मस्जिद | वटा | २ |
| पार्क निर्माण | वटा | ३२ |
| स्वास्थ पूर्वाधार | वटा | १० |
| तटवन्धन | वटा | ४५ |
| शौचालय | वटा | ७ |
| सिचाई | वटा | १४ |

### १७ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३३ वटा ऐन, ९ वटा नियमावली, ६० कार्यविधि, १९ निर्देशिका, १० मापदण्ड र ३ मार्गदर्शन लगायत १३४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

### १८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २५७ गरी कुल २६१ विवाद दर्ता भएकोमा १५१ वटा मात्र फस्योंट भई ११० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

### १९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२९,३६,७५,२००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२६,१८,०५,८३४।- अर्थात् अनुमान भन्दा १०.८५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ६५००००००० | ६०३१४०७५।५० | ९२।७९ |
| घरजग्गा वहाल कर | ४५०००००० | ४५०७१३८४।४४ | १००।१६ |
| व्यवसाय कर | २०००००००० | १६५३२२७० | ८२।६६ |
| वहाल विरौटी शुल्क | २५०००००० | २३३६०५९९।९८ | ९३।४४ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली न्यून देखिन्छ । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।

२१ **राजस्व**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आन्तरिक आम्दानी संकलनको लागी ४२९० प्याड रसिद छपाई गरेकोमा २८६३ प्याड प्रयोग गरी १४२७ प्याड बाँकी रहेको छ । आवश्यकताको आधारमा रसिद छपाई गरी रसिद नियन्त्रण खातालाई व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सि. नं | विवरण | छापेको प्याड | प्रयोग गरेको | बाँकी |
|---|---|---|---|---|
| १ | नगदी रसीद | १००० | ८५० | १५० |
| २ | घाटगद्दी रसिद | ५०० | ६५ | ४३५ |
| ३ | स्वदेसी बस ट्रक | २१०० | १७०० | ४०० |
| ४ | बिदेशी ट्रक लहरी | ३०० | १३२ | १६८ |
| ५ | बिदेशी बसट्रक | १४५ | ३७ | १०८ |
| ६ | बिदेशी मिनीबस | १२० | ९ | १११ |
| ७ | बिदेशी जिपकार | ११५ | ६३ | ५२ |
| ८ | कवाडी कर संकलन | १० | ७ | ३ |
| **जम्मा** | | **४२९०** | **२८६३** | **१४२७** |

लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाका विभिन्न वडाहरूको नगदी रसीद प्रयोग गरी प्राप्त गरेको आम्दानीको अवस्था निम्नानुसार छः

| वडा नं. | संकलित रकम | वडा नं. | संकलित रकम | वडा नं. | संकलित रकम |
|---|---|---|---|---|---|
| १ | १,७१३,३६३.०० | ८ | २,६१९,८७६.०० | १५ | १,१९१,२००.०० |
| २ | १,१३३,६००.०० | ९ | १,३८०,११५.०० | १६ | १,७४७,३५०.०० |
| ३ | १,७१७,६६७.०० | १० | ८८०,४५०.०० | १७ | १,९३२,७६६.०० |
| ४ | १,९२४,४८०.०० | ११ | १,७०८,१४०.०० | १८ | २,५०९,८५७.०० |
| ५ | २,५२०,४४७.०० | १२ | ३,२९५,५०५.०० | १९ | १,२५८,५४८.०० |
| ६ | २,०७८,५५०.०० | १३ | २,२४२,१२३.०० | | |
| ७ | १,१३०,४००.०० | १४ | १,७९७,१३४.०० | | |
| **जम्मा** | | | | | **३४,७८१,५७१.००** |

२२ **भाडा भुक्तानी**

*✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.३,६०,०००।- सम्परीक्षण गरिएको ।)*

२३ **२० प्रतिशत सहभागिता**

मखमल तथा ढाका कपडाको जुत्ता चप्पल बनाउने तालिम कार्यक्रम संचालन गर्नका लागी १८ नं. वडा कार्यालय र महिला जागरण समुह बीच मिती २०७८।११।२ गते भएको सम्झौताको बुदा नं. ३ मा सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्न गर्नको लागी पहिलो पक्ष मार्फत अनुदान स्वरुप बढीमा रु.१०००००। र दोस्रो पक्षको लागत सहभागिता अनुदान रकमको न्यूनतम २० प्रतिशत ब्यहोरीने उल्लेख छ।उक्त कार्यक्रमको खर्चको फाटवारी परीक्षण गर्दा जम्मा खर्च रु.१,००,०००।- भएकोमा पालिकाले भौ.नं. २१४।२०७९।५।२० बाट रु.९९,७७५।भुक्तानी दिएको छ। २० प्रतिशत सहभागीता मार्फत हुने रु.२०,०००।- घटाई बाँकी रु.८०,०००।- मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रु.१९,७७५।- असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १९,७७५ |
|---|---|

२४ **बैठक भत्ता**

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरूको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ । पालिकाले सुरक्षित आप्रवासन परियोजना अन्तर्गतका कार्यक्रम संचालन गर्न कार्यक्रम संयोजक, सामाजिक परिचालन अधिकृत, आप्रवासि परामर्शकर्ता, मनोसामाजिक परामर्शकर्ता, वित्तीय साक्षरता सहजकर्ता तथा रिटर्नी स्यवंमसेवक कर्मचारीहरू सेवा करारमा नियुक्ती गर्न विभिन्न मितिमा परीक्षा संचालन, छनौट, अन्तर्वार्ता तथा सिफारिसका लागि बैठक बसि भौ.नं. १६३।२०७९।५।१५ बाट रु.३,४२,०४०।- खर्च गरेको देखिन्छ । खर्चको फाँटवारी जाँच गर्दा एकै दिनमा २ देखि ७ पटकसम्म बैठक बसेको, कार्यालयकै कर्मचारीको उप समिति गठन गरी बैठक बसेको, १० पटक सम्म परीक्षा संचालन तथा ११ पटकसम्म अन्तर्वाता संचालन गरेको भनि भत्ताहरू भुक्तानी गरेको देखिन्छ । पालिकाले बिहान बेलुका १/१ वटा गरी २ वटासम्म बैठक भत्ता भुक्तानी गर्न सकिने अवस्थामा ७ वटा सम्म बैठक बसेको तथा कार्यालय समयमा बसेको बैठकको रकम एकिन गरी असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | ५ वटा परीक्षा | बैठक संख्या | रकम |
|---|---|---|---|---|
| १ | अधिकृत आठौं भीम प्रसाद तिमल्सिना | ५*१००० | ३+४ | १०२०० |
| २ | अधिकृत आठौं शान्ति विक | ० | ३+४ | ५९५० |
| ३ | अधिकृत आठौं रामकृष्ण थापा | ५*१००० | ३+४ | १०२०० |
| ४ | अधिकृत सातौं विना माया थिङ्ग | ५*१००० | ३+४ | १०२०० |
| ५ | अधिकृत छठौं राम प्रसाद गुरागाई | ५*१००० | ३+४ | १०२०० |
| **जम्माः** | | | | **४६७५०** |

| असुल गर्नुपर्ने | ४६,७५० |
|---|---|

२५ **धरौटी**

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण व्यवसायीहरूलाई धरौटी रु.३,५६,४५०।- फिर्ता गर्दा कर समायोजन पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| भौ. नं. र मिति | व्यवसायीको नाम | प्यान नं. | रकम |
|---|---|---|---|
| ७।२०७९।५।२० | सिप्रदी ट्रडिङ प्रा. ली | ३०००४५०२२ | ११६७५० |
| २३।२०७९।१०।१५ | एम. ए . डब्ल्यु अर्थ मुभर्स प्रा . ली | ३०३३७०७५४ | २३९७०० |
| **जम्माः** | | | **३५६४५०** |
| | | प्रमाण पेश नगरेको | ३,५६,४५० |

२६ **सहकारी अनुगमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २२५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका १७२ सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट ५१ सहकारीको अनुगमन निरीक्षण गरिएको विवरण लेखापरीक्षणका क्रममा पेश भएको छ । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२७ **समास्याग्रस्त सहकारी**

पालिकाबाट प्राप्त विवरण अनुसार उपमहानगरपालिकाभित्र कार्यक्षेत्र भएका निम्नानुसार सहकारी संस्थाहरू समस्याग्रस्त रहेका छन्:

| सि. नं. | सहकारीको नाम | समस्याग्रस्त हुनुको कारण | भए गरेका प्रयास |
|---|---|---|---|
| १ | नारी बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी नगर प्रहरी मार्फत खोजी गरिदै |
| २ | समता महिला बचत तथा ऋण सहकारी संस्था | ऋण असुली प्रक्रियामा कमजोरी | सहकारीको माग अनुसार नगरपालिकबाट तिर्न बुझाउन पत्राचार |
| ३ | मकवानपुर स्वास्थ्य सहकारी संस्था | सहकारी संस्था अस्त व्यस्त | सूचारु गर्न अनुगमन सहित पत्राचार |
| ४ | हिमालयन बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ५ | जयकालिका बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ६ | सिद्धि बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ७ | साथी भाई बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ८ | कान्तिपुर बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ९ | नागरिक बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| १० | अग्नी बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| ११ | कामना बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| १२ | महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| १३ | शुभसन्ध्या उपभोक्ता महिला सहकारी संस्था | संस्था नै सम्पर्कमा नरहेको | खोजी कार्य जारी |
| | **कारबाहीमा परेका** | | |
| १ | जनचेतना स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था | आर्थिक अपचलन | अदालतमा मुद्धा रहेको |

| | | | |
|---|---|---|---|
| २ | भु.पु . सैनीक बचत तथा ऋण सहकारी संस्था | आर्थिक अपचलन | अपचलन भएको रकम वरावरको जग्गा संचालक। व्यवस्थापक बाट सहकारीको नाममा लिखित पास गराएको |
| ३ | पदम पोखरी बचत तथा ऋण सहकारी संस्था | सहकारी निस्कृय | शेयर सदस्य जम्मा गाराई साधारण सभा र आर्थिक प्रस्तुतीकरण सहित लेखा परीक्षण गराएको |
| ४ | श्री पंचमी स्वावलम्बन बहुउद्येश्यीय सहकारी संस्था लि. | आर्थिक अपचलन | अपचलन भएको रकम वरावरको जग्गा व्यवस्थापक बाट सहकारीको नाममा राजिनामा पास गराएको |

**<u>यससम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:</u>**

- भूतपूर्व सैनिक मिलन बचत तथा ऋण सहकारी संस्था लि. का व्यवस्थापक पार्वती के. सी. ले रू.३ करोड ५६ लाख हिनामिना गरी बेपत्ता भएको, श्रीपंचमी बहुउद्देश्यिय सहकारी संस्थामा रु.६० लाख भन्दा बढि रकम हिनामिना गरेको सम्बन्धमा सम्बन्धित व्यक्तिलाई कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाई संस्थालाई समस्याग्रस्त घोषणा गरि ऋण, दायित्व, सम्पत्ति व्यवस्थापन गर्नु उपयुक्त हुने देखिन्छ।
- महामती बचत तथा ऋण सहकारी संस्थाको विनियमावली ४० मा संसोधन गर्दा कानूनले अनिवार्य रुपमा राख्नु पर्ने संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको व्यवस्थालाई हटाउने गरी संसोधन स्वीकृती दिएको देखिँदा सो विनियमावलीमा पून संशोधन गर्न लगाई कानुन बमोजिमको अनिवार्य कोषको व्यवस्था कायम गर्न लगाउनु पर्दछ ।
- सेवाशुल्क कानून विपरीत लिइ रहेको, सदस्य भएको ३ महिना पश्चात ऋण दिने सम्बन्धमा अनुगमन गर्दा नहेरीएको, गैर सदस्यलाई ऋण दिएको, कार्यक्षेत्र भन्दा बाहिर गई ऋण लगानी गरे नगरेको सम्बन्धमा अनुगमन गरि जरिवाना र कारवाही गर्नुपर्दछ ।
- पहिचान भएका निष्कृय तथा समस्याग्रस्त संस्थालाई समस्याग्रस्त संस्था घोषणा गरी व्यवस्थापन गर्नुपर्दछ।

### २८ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.२,५४,४६,४३४।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.२,५४,४६,४३४।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| सि.नं. | भौ.नं.।मिति | पेस्की लिने व्यक्ति तथा संस्थाको नाम | पेस्की रकम |
|---|---|---|---|
| १ | ९५८।२०८०।२।५ | अमृत कन्स्ट्रक्सन | ९५०००० |
| २ | ७३१।२०७९।१२।३० | नेपाल विद्युत प्राधिकरण हेटौडा शाखा | १२६७१५४ |
| ३ | ७७९।२०८०।१।११ | नेपाल विद्युत प्राधिकरण हेटौडा शाखा | ७४९४१२१ |
| ४ | ९४४।२०८०।२।४ | नेपाल विद्युत प्राधिकरण हेटौडा शाखा | १०००००० |
| ५ | १२८४।२०८०।३।६ | नेपाल विद्युत प्राधिकरण हेटौडा शाखा | ६९७८५ |
| ६ | १५२५।२०८०।३।२१ | नेपाल विद्युत प्राधिकरण | ७१६०५७४ |
| ७ | ३२१४।२०८०।३।२३ | भुटनदेवी इन्जिनियरिङ क्याम्पस | ७०००००० |
| ८ | १८२८।२०७९।१२।२४ | त्रिभुवन माध्यमिक विद्यालय हेटौडा-११ | ५००००० |
| ९ | १।२०७९।४।१ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनि लिमिटेड | ४८०० |
| | | **जम्मा** | **२५४४६४३४** |

पालिकाले आर्थिक वर्ष २०७९।८० मा भौ.नं. २०२०।२०८०।१।१७ बाट संगीता उप्रेतीलाई रू.१,००,०००।- र २५३१।२०८०।२।३१ बाट निर्मला दाहाललाई रू.१,००,०००।— पेस्की दिएकोमा

भौचर नं. ३२३।२०८०।६।२४ र २६४।२०८०।६।१९ बाट पेस्की फस्यौंट गरेको छ ।

| | |
|---|---|
| पेश्की | २,५४,४६,४३४ |

### २९ गत आ.व. को पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फस्यौंट सम्बन्धी व्यवस्था रहेको छ । यस बर्ष पालिकाको खाता परीक्षण गर्दा गत विगतमा औंल्याईएको पेश्की रकम रु.९,३९,२२,३५३।- रहेकोमा उक्त पेश्की लेखापरीक्षण अवधिसम्म पनि फस्यौंट भएको छैन । नियमानुसार समयमा नै फस्यौंट गर्नुपर्ने देखिन्छ ।

### ३० आय ठेक्कामा मूल्य अभिवृद्धि कर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पालिकाले ढुङ्गा, गिट्टी, बालुवा आदिबाट आफुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर आफैं, आफ्नै नामबाट संघीय संचितकोषमा कर दाखिला गर्नुपर्दछ । देहायका मूल्य अभिवृद्धि कर संकलकले उठाएको मूल्य अभिवृद्धि कर राजस्व शीर्षक नं. ३३११४ मा दाखिला गरेको देखियो। पालिकाले कार्यालयमा प्राप्त भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला नगरी कर संकलककै प्यान नं मा दाखिला गरी दिंदा कर संकलकलाई दोहोरो लाभ पुऱ्याएको देखिन आयो । यस सम्बन्धमा यकिन गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार लाग्ने जरिवाना समेत हिसाब गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | वापत | ठेक्का लिनेको नाम | पान नं. | सम्झौता रकम | मू.अ.कर रकम | मू.अ.कर दाखिला पान नं. | शीर्षक नं. | रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिमेन्ट प्राकृतिक श्रोत संकलन | मित्र निर्माण सेवा भिमफेदी | ६१३४०११२४ | ३२५१५७५० | **३७४०७५०** | ६१३४०११२४ | ३३३१४ | २८७७५००० |
| २ | कवाडी कर संकलन शुल्क | एन.के. ईन्टरनेशनल कन्स्ट्रक्सन प्रा.लि. | ६०१३५१७८३ | १९७७५०० | **२०४७५०** | ६०१३५१७८३ | ३३३१४ | १५७५००० |
| ३ | सावजनिक शौचालय शुल्क संकलन | निईर कमल कन्स्ट्रक्सन हेटौंडा | ३००१३९९३४ | ११३२९१० | **१३०३३५** | ३००१३९९३४ | ३३३१४ | १००२५७५ |
| ४ | सडक पूर्वाधार मर्मत सम्झार शुल्क | शिब शक्ति ईन्फा डेभलपर्स प्रा.लि. | ६०६६५८६८५ | १७९६२०२३ | **२०६६४२७** | ६०६६५८६८५ | ३३३१४ | १५८९५५९६ |
| | जम्मा | | | ५३५८८१८३ | **६१४२२६२** | | | ४७२४८१७१ |
| आ.व.२०७८।७९ | | | | | | | | |
| १ | कवाडी कर संकलन शुल्क | शिब शक्ति ईन्फा डेभलपर्स प्रा.लि. | ६०६६६८६८५ | ४६४८०९७ | **५३४७३७** | ६०६६५८६८५ | ३३३१४ | ४११३३६० |
| २ | सावजनिक शौचालय शुल्क संकलन | ग्रीन एण्ड किल्न सिटी सर्भिस प्रा.लि. | ३०३६७९६६० | २३७४१३० | **२७३१३०** | ३०३६७९६६० | ३३३१४ | २१०१००० |
| ३ | पशुहाट बजार सेवा शुल्क संकलन | जय श्री शिब निर्माण सेवा | ६०७५८१३८४ | ५८३९०५ | **६७१७५** | ६०७५८१३८४ | ३३३१४ | ५१६७३० |
| ४ | बिज्ञापन कर संकलन शुल्क | छाँया एडभरटाईजिङ | ३०५५०३६८० | ३०५८९१० | **३५१९१०** | ३०५५०३६८० | ३३३१४ | २७०७०० |
| ५ | सडक पूर्वाधार मर्मत सम्झार शुल्क | शिब शक्ति ईन्फा डेभलपर्स प्रा.लि. | ६०६६५८६८५ | ३५१५३४५१ | **४५६९९४९** | ६०६६५८६८५ | ३३३१४ | ३०५८३५०२ |
| ६ | नदीजन्य पदार्थ शुक संकलन | सुसन कन्स्ट्रक्सन प्रा.लि. | ३०००४३८६२ | १७५७७७७७ | **२०२२२२२** | ३०००४३८६२ | ३३३१४ | १५५५५५५५ |
| ७ | नदीजन्य पदार्थ शुक संकलन | ईभिना कन्स्ट्रक्सन प्रा.लि. | ३०४६००८२९ | १३७९०५२० | **१५८६५२०** | ३०४६००८२९ | ३३३१४ | १२२०४००० |
| ८ | नदीजन्य पदार्थ शुक संकलन | हाईबे कन्स्ट्रक्सन प्रा.लि. | ६०५९२२८२२ | १७५१५००० | **२०१५०००** | ६०५९२२८२२ | ३३३१४ | १५५००००० |
| | जम्मा | | | ९४७०१७९० | **११४२०६४३** | ३६४०६४९६०७ | २६६५१२ | ८०८४४८४७ |
| | कुल जम्मा | | | १४८२८९९७३ | **१७५६२९०५** | ३६४०६४९६०७ | २६६५१२ | १२८०९३०१८ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९को निर्णयबाट रु.३२,७७,२१६ ।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७५,६२,९०५ |

### ३१ नदीजन्य पदार्थको उत्खनन्

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका उद्योगको स्टक प्रमाणिकरण गर्दा बुझाउनु पर्ने कर लेखा परीक्षण अवधी सम्म पनि बुझएको नदेखिएकोले सम्बन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | क्रसर/बालुवा उद्योगको नाम | ठेगाना | बक्यौता रकम | असुली रकम | जम्मा बक्यौता रकम |
|---|---|---|---|---|---|
| १ | श्री दिप ज्योति कंक्रिट ई उद्योग | हेटौंडा-१९, मकवानपुर | ८३७२७६.१९ | १८०४९६.२४ | ६५६७७९.९५ |
| २ | श्री विकास वालुवा उद्योग | हेटौंडा-१९, मकवानपुर | २२८२७९.१५ | | २२८२७९.१५ |
| ३ | श्री हिमाल वालुवा उद्योग | हेटौंडा-१९, मकवानपुर | ५२९१२०.३५ | | ५२९१२०.३५ |
| ४ | श्री लुङवा वालुवा उद्योग | हेटौंडा-९, मकवानपुर | १७७५७९.९८ | | १७७५७९.९८ |
| ५ | श्री पि एस सी वालुवा उद्योग | हेटौंडा-१९, मकवानपुर | २५००४.७८ | | २५००४.७८ |
| ६ | श्री जय माता दी वालुवा उद्योग | हेटौंडा-१९, मकवानपुर | ५११६८.३५ | | ५११६८.३५ |
| ७ | श्री एस आर आर वालुवा उद्योग | हेटौंडा-११, मकवानपुर | ११७९५३४.५५ | | ११७९५३४.५५ |
| ८ | श्री शुभ क्रसर ई। उद्योग | हेटौंडा-१९, मकवानपुर | १३७९४६.२८ | | १३७९४६.२८ |
| ९ | श्री जय लक्ष्मी ईन्फा ई। उद्योग | हेटौंडा-१९, मकवानपुर | ७४४२६४१.८० | | ७४४२६४१.८० |
| ११ | श्री बस्तीपुर मिनरल्स | हेटौंडा-१९, मकवानपुर | ११९३१०१.१६ | | ११९३१०१.१६ |
| १२ | श्री सुविधा वालुवा उद्योग | हेटौंडा-३, मकवानपुर | १९०७०.०० | | १९०७०.०० |
| १३ | श्री गोङवा वालुवा उद्योग | हेटौंडा-१४, मकवानपुर | १२८१७७५.९३ | | १२८१७७५.९३ |
| १७ | श्री तामाङ एग्रिगेट उद्योग | हेटौंडा-१९, मकवानपुर | ६२७९१२.७८ | | ६२७९१२.७८ |
| | | जम्मा | १३७३०४११.३ | १८०४९६.२४ | १३५४९९१५.०६ |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.७८,२८,४४९।५३ सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,४९,९१५.०६ |

### ३२ घटीमा सम्झौता गरेको

*✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.१,३२,४१,१२५ ।- सम्परीक्षण गरिएको ।)*

### ३३ उठ्न बाँकी सटर भाडा

आर्थिक ऐन, २०७९ को दफा १६(१) संग सम्वन्धित अनुसूची १६ मा उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र आफैंले निर्माण गरेको वा रेखदेख र संचालन गरेको पसल कवलको भाडा मासिक रुपमा असुल हुनुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको लेखापरीक्षण अवधिसम्म पनि निम्नानुसार व्यवसायीहरूबाट राजस्व दाखिला गरेको नदेखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | व्यवसायीको नाम | कोठाको विवरण | भाडा दर | असुल गर्न बाँकी |
|---|---|---|---|---|
| १ | इश्वर खड्गी | ११—०१—३१ | ३९६६ | १९८३ |
| २ | उमेश साह | ११—०१—३९ | ४३६३ | ३०५४१ |
| ३ | राजु साह | ११—०१—४० | ४३६३ | ८७२६ |
| ४ | मुकेश साह तुराह | ११—०१—४४ | ३६९० | ७६२६० |

| | | | | |
|---|---|---|---|---|
| ५ | साधु सहनी | ११–०१–५१ | ५२९२ | १८६९८४ |
| ६ | सरिता कुमारी यादब | ११–०१–५२ | ५२९२ | १६२२८८ |
| ७ | श्रवण कुमार सहनी | ११–०१–५८ | ४९२० | २१४८४० |
| ८ | भिखारी सहनी | ११–०१–६१ | ४९२० | १३८९४० |
| ९ | गरहन सहनी मलाहा | ११–०१–६६ | ११०१६ | २३४०८७ |
| १० | उज्वल तितुङ | ११–०१–७० | १०२४८ | २५५०१६ |
| ११ | तारा खाती विश्वकर्मा | ११–०२–३१ | ४२७८ | २५६६८ |
| १२ | सुदर्शन ढुङ्गाना | ११–०२–४८ | ४२७८ | ८५५६ |
| १३ | उमा शंकर प्रसाद गुप्ता | ११–०५–१३ | ५४९६ | ७९६९२ |
| १४ | रोशन कुमार दोङ | ११–०५–१४ | ५४९१ | १२९९५८ |
| १५ | गोबिन्द रम्तेल | ११–०५–१९ | ४९९२ | ३९१०४ |
| १६ | सोममाया मोक्तान | ११–०६–११ | ४३९२ | ३०७४४ |
| १७ | कृष्ण प्रसाद सिंखडा | ११–०६–१४ | ३९९० | ३१२५५ |
| १८ | बुद्धिमाया पाख्रीन | ११–०६–१५ | ३९९० | ७९८० |
| १९ | गोबिन्द बहादुर महत | ११–०६–१८ | ३९९० | १३७६५५ |
| २० | कृष्ण हरी पुडासैनी | ११–०६–२० | ४३९२ | ८३८४४ |
| २१ | दीपेश कुमार बनिया | ११–०८–०७ | ८५३२ | ६६८३४ |
| २२ | अकलेस दास बानिया | ११–०८–०९ | ९३९० | ८१३८० |
| २३ | बसन्त बिडारी | ११–१०–०४ | ६४०२ | १२८०४ |
| २४ | सानी मैया पौडेल | ११–११–०१ | ११८८० | १०२९६० |
| २५ | अन्नपूर्णदिबी केशरी | ११–११–०२ | १०८०० | ४०१२०० |
| २६ | कौशिला लामा | ११–११–०८ | १०८०० | १०२६०० |
| २७ | सुनमाया ब्लोन | ११–११–१५ | १०८०० | १४७६०० |
| २८ | लक्ष्मी श्रेष्ठ | ११–११–२३ | १३२०० | २७९४०० |
| २९ | ईन्दिरा कुमारी केसी | ११–११–३० | १३२०० | १८७४०० |
| ३० | जगत गोले | ११–१२–०१ | २१७२ | ३६२० |
| ३१ | मिना भण्डारी | ११–१२–०२ | ४८१२ | ८०२० |
| ३२ | बिमल पौडेल | ११–१२–०३ | ४८१२ | ४०१० |
| ३३ | जयराम हुमागाई | ११–१२–०४ | ४८१२ | ५०१३ |
| ३४ | अशोक प्रसाद रौनियार | ११–१२–०५ | २४०६ | ४०१० |
| ३५ | राम बाबु साह | ११–१२–०६ | २४०६ | ४०१० |
| ३६ | संजिव गुरुङ | ११–१२–०८ | ६३०० | १०५०० |
| ३७ | भरत बहादुर खुलाल | ११–१२–०९ | ४४६४ | ७४४० |
| ३८ | केशव प्रसाद दहाल | ११–१२–१० | ४४६४ | ७४४० |
| ३९ | रामकाजी पाठक | ११–१२–११ | ४४६४ | ७४४० |
| ४० | रुखमली थापा | ११–१२–१३ | ९८०४ | १६३४० |
| ४१ | बद्री घिमिरे | ११–१२–१४ | ९८०४ | ८३८२५ |
| ४२ | गोबिन्द दहाल | ११–१२–१५ | ९८०४ | १६३४० |
| ४३ | कमल कुमार रौनियार | ११–१२–१६ | ४९०२ | ४०८५० |

| | | | | |
|---|---|---|---|---|
| ४४ | लक्ष्मी लामिछाने | ११–१२–१८ | ३२५८ | ५४३० |
| ४५ | खड्क बहादुर मुक्तान | ११–१२–१९ | ३२५८ | ६८८० |
| ४६ | शान्ति कुमारी रिजाल | ११–१२–२० | ३२५८ | ८१४५ |
| ४७ | बिना कुमारी लामिछाने | ११–१२–२१ | १२८४ | ४२८० |
| ४८ | मनोज साह तेली | ११–१२–२२ | १२८४ | १०७० |
| ४९ | गायत्री देबी | ११–१२–२३ | १२८४ | २१४० |
| ५० | बिनोद कुमार साह बानिया | ११–१२–२४ | ३२९४ | १०९८० |
| ५१ | शिव कुमार साह | ११–१२–२६ | १९५० | १६२५ |
| ५२ | सोनिदेबी साह | ११–१२–२७ | १९५० | १६२५ |
| ५३ | गिता रानामगर | ११–१२–२८ | १२७८ | २१३० |
| ५४ | रोनिश मानन्धर | ११–१२–२९ | १२७८ | ३१९५ |
| ५५ | गणेश बर्तौला | ११–१२–३० | १०७४ | १७९० |
| ५६ | बबन साह | ११–१२–३१ | १९५० | ३२५० |
| ५७ | मन्तोष कुमार साह | ११–१२–३४ | २६२२ | २१८५ |
| ५८ | राजेश राना मगर | ११–१२–३५ | २६२२ | २१८५ |
| ५९ | गंगादेबी लामा | ११–१२–३६ | १३४४ | ११२० |
| ६० | रामपुकार साह | ११–१२–३७ | २१६० | ४३२०० |
| ६१ | गोपिनी लामा | ११–१२–३९ | २०८२ | ५२०५ |
| ६२ | फेकु साह | ११–१२–४१ | २३७६ | १९८० |
| ६३ | राम पुकार साह | ११–१२–४२ | २०७० | ३४५० |
| ६४ | चिनी माया खुलाल खड्का | ११–१२–४३ | १८६० | ३१०० |
| ६५ | निरमाया पाखीन | ११–१२–४४ | १८६० | ३१०० |
| ६६ | सुन्दर राना मगर | ११–१२–४७ | १९६२ | १६३५ |
| ६७ | धनवन्तीदेबी साह | ११–१२–४८ | ५४०० | ४९३७५ |
| ६८ | सियाराम प्रसाद | ११–१२–५० | २०८२ | १७३५ |
| ६९ | थुमादेबी उपाध्याय | ११–१२–५४ | २०२८ | ३३८० |
| ७० | राम बहादुर भ्लोन | ११–१२–५७ | १५९० | २६५० |
| ७१ | लक्ष्मी मुक्तान | ११–१२–५८ | १४४६ | १२०५ |
| ७२ | पार्वती साह सुढी | ११–१२–५९ | २२५० | ५६२५ |
| ७३ | नवराज पौडेल | ११–१२–६० | २६३४ | ४३९० |
| ७४ | रामेश्वर कुमार साह | ११–१२–६१ | २५५६ | ९५८५० |
| ७५ | दुर्गालक्ष्मी श्रेष्ठ | ११–१२–६२ | २३२८ | ३८८० |
| ७६ | दिनेश प्रसाद रौनियार | ११–१२–६३ | १३९८ | ५८२५ |
| ७७ | रुपेश दास | ११–१२–६४ | १८६० | ७२८५० |
| ७८ | बिनोद कुमार रौनियार | ११–१२–६५ | २०१६ | ८४०० |
| ७९ | किशोर दाहाल | ११–१२–६६ | २८१४ | ४६९० |
| ८० | अम्बिका घिमिरे | ११–१२–६७ | २८१४ | २३४५ |
| ८१ | अरेनदर महतो नुनिया | ११–१२–६८ | २३२८ | ३८८० |
| ८२ | केदार प्रसाद सापकोटा | ११–१२–६९ | २३२८ | ३८८० |

| | | | | |
|---|---|---|---|---|
| ८३ | शिव पुजन प्रसाद रौनियार | ११–१२–७० | ४६५० | १९३७५ |
| ८४ | सोनु कुमार दास | ११–१२–७१ | ४२५४ | १४५३४५ |
| ८५ | लालबाबु दास | ११–१२–७२ | २८६८ | १४३४० |
| ८६ | कृष्ण प्रसाद बिडारी | ११–१२–७४ | ४८८४ | ८१४० |
| ८७ | कृष्ण साह कानु | ११–१२–७५ | २७१२ | ४५२० |
| ८८ | श्याम बहादुर मुक्तान | ११–१२–७६ | २७१२ | ४५२० |
| ८९ | रेखा रौनियार | ११–१२–७७ | २७१२ | ११३०० |
| ९० | अर्जुन प्रसाद पाठक | ११–१२–७८ | २७१२ | २२६० |
| ९१ | अजय कुमार थापा मगर | ११–१२–७९ | २७१२ | २२६० |
| ९२ | राम प्रसाद पौडेल | ११–१२–८० | २७१२ | ४५२० |
| ९३ | दशरथ महर्जन | ११–१२–८२ | २७१२ | ४५२० |
| ९४ | कोमल गोले | ११–१२–८४ | २७१२ | २२६० |
| ९५ | सरोज देबी | ११–१२–८५ | २७१२ | ४५२० |
| ९६ | रामकृष्ण अधिकारी | ११–१२–८७ | २७१२ | २२६० |
| ९७ | शिव शंकर साह बानिया | ११–१२–८८ | २७१२ | ४५२० |
| ९८ | हरिशरण अधिकारी | ११–१२–८९ | २७१२ | ६५५४० |
| ९९ | सरोज कुमार रौनियार | ११–१२–९० | २७१२ | २२६० |
| १०० | उमा खुलाल खड्का | ११–१२–९३ | ५०६४ | १६८८० |
| १०१ | चन्द्रमाया गोम्जा | ११–१२–९४ | ४५१८ | १५०६० |
| १०२ | पासाङ लामा | ११–१२–९५ | ६६९६ | २७९०० |
| १०३ | मान कुमार योन्जन | ११–१२–९६ | २६४६ | २२०५ |
| १०४ | छत्र बहादुर मानन्धर | ११–१२–९७ | ११८८ | १९८० |
| १०५ | देब बहादुर खड्का | ११–१२–९८ | २५५६ | ४२६० |
| १०६ | सर्वेन्द्र बतौला | ११–१२–१०० | ४३२० | ७२०० |
| | | जम्मा | | ४२५२७६२ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.५,४०,६८१।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,५२,७६२ |

## ३४ राजस्व ढिला दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार समयमै राजश्व नबुझाएमा १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। देहायका कर संकलकले बुझाउनुपर्ने राजस्व ढिला बुझाएकोले ढिलावापतको व्याज तथा जरिवाना देहाय अनुसार असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| सि.नं. | कर संकलको नाम | बुझाउनु पर्ने मिति | किस्ता | रकम | बुझाएको मिति | रकम | ढिला दिन | जरिवना |
|---|---|---|---|---|---|---|---|---|
| १ | विज्ञापन कर<br>सम्पदा निर्माण सेवा<br>६०९५२२५०० | २०७९।५।७ | प्रथम | ११३०२८३ | २०७९।४।२६ | ८९०००० | ० | ० |
| | | | | | २०७९।११।१५ | २५०००० | १८० | १२३२९ |
| | | २०७९।६।३० | दोश्रो | ९०४२२६ | २०८०।१।२६ | ६६०००० | २१० | ३७९७२ |
| | | | | | २०८०।४।१० | २४४२२६ | ३१० | २०७४२ |
| | | | | | २०८०।४।१० | ७१५७७५ | २१० | ४११८२ |
| | | २०७९।९।३० | तेश्रो | ९०४२२६ | २०८०।४।२५ | १८९००० | १९५ | १००९७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०।२।३० | चौथो | १५८२३९६ | २०८०।४।२५ | ५९६००० | ९० | १४६९६ |
| | | | | | २०८०।५।५ | ९७६१३० | ६५ | १७३८३ |
| | | जम्मा | | ४५२११३० | | ४५२११३१ | | १५४४०१ |
| | | बुझाएको रु | | | | | | ११२९५७ |
| | | बुझाउन बाँकी | | | | | | ४१४४४ |
| २ | सवारी कर<br>मित्र निर्माण सेवा<br>६१२४०११२४ | २०७९।९।२९ | प्रथम | ३४००००० | २०७९।१०।१५ | २०७०००० | १६ | ९०७४ |
| | | | | | २०७९।११।५ | १३३०००० | ३५ | १२७५३ |
| | | २०७९।१२।३० | दोश्रो | ५३२५५५० | २०८०।२।२८ | ५३२५५५० | ५९ | ८६०८४ |
| | | २०८०।२।३० | तेश्रो | ४५८८३२६ | २०८०।४।१७ | ४५८८३२५ | ४७ | ५९०८२ |
| | | जम्मा | | १३३१३८७६ | | १३३१३८७५ | | १६६९९३ |
| | | बुझाएको रु | | | | | | १२५०५६ |
| | | बुझाउन बाँकी | | | | | | ४१९३७ |
| ३ | कवाडी कर<br>दिपदर्शन ग्रिनतारा जे.भी. | २०७९।४।११ | प्रथम | १८६६९४६ | २०७९।४।१२ | १८६६९४६ | ० | ० |
| | | | | | २०७९।४।१२ | २१६०५४ | ० | ० |
| | | २०७९।६।३० | दोश्रो | १८६६९४६ | २०८०।३।२६ | १६५०८९२ | २६६ | १२०३१२ |
| | | २०७९।९।३० | तेश्रो | १८६६९४६ | २०८०।३।२६ | ३४९१०८ | २०६ | १९७०३ |
| | | | | | २०८०।३।२६ | ३८५००० | २०६ | २१७२९ |
| | | | | | २०८०।४।२४ | ११३२८३७ | २०४ | ६३३१५ |
| | | २०८०।२।२० | चौथो | १८६६९४६ | २०८०।४।२४ | १८६६९४६ | ८४ | ४२९६५ |
| | | जम्मा | | ७४६७७८३ | | ७४६७७८३ | | २६८०२४ |
| | | बुझाएको रु | | | | | | २१००६१ |
| | | बुझाउन बाँकी | | | | | | ५७९६३ |
| | | कुल जम्मा | | २५३०२७८९ | | २५३०२७८९ | | १४१३४४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,३४४ |

## ३५ इन्धन खर्च

कार्यालयले रकम खर्च गर्दा जुन प्रयोजनको लागि बजेट विनियोजन गरेको हो सोही प्रयोजनमा प्रमाण र पुष्ट्याई हुने कागजात संलग्न गरी रकम खर्च गर्नुपर्दछ । पालिकाले दिएको विवरण अनुसार पुँजीगत खर्च तथा कार्यक्रम खर्चबाट भएको इन्धन खर्चबाहेक कुल इन्धनमा रू.३,१२,३५,१९७।२४ खर्च भएको छ । उक्त खर्च मध्ये प्रयोजन नखुलेका तथा बाह्य सवारी साधनमा ६५६३ लिटर पेट्रोलको औषत मूल्य रू.१८०।— को दरले रू.१२,४०,४०७।- र २५४३ लिटर डिजेलको औषत मूल्य रू.१७४।— को दरले रू.४,४२,४८२।- समेत रू.१६,८२,८८९।- खर्च भएको देखियो । पालिकाले प्रमाण पुष्ट्याई बेगर खर्च गरेको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १६,८२,८८९ |

## ३६ राजस्व प्राप्त हुन नसकेको

पालिकाको मुख्य आन्तरिक श्रोत मध्ये दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि) हो । पालिकाले वातावरणीय परीक्षण सूचाङ्क (IEE) गर्न नसकेको कारण ढुङ्गा, गिट्टीबाट राजस्व प्राप्त सकेको छैन । यस वर्ष पालिकाको पुँजीगत बजेटबाट निर्माणतर्फ मात्र उपभोक्ता र निर्माण व्यवसायीबाट करिब रू.१ अर्बको काम गरी रकम भुक्तानी लिएका छन् । प्रदेश कार्यालय र संघीय कार्यालयले तथा नीनि क्षेत्रहरूबाट समेत निर्माणका कार्यहरू गरिरहेको अवस्था छ । पालिका अन्तर्गतका उपभोक्ता समिति, निर्माण व्यवसायीहरू तथा प्रदेश र संघीय कार्यालयले सम्झौता गरी निर्माण भएका संरचनामा प्रयोग हुने ढुङ्गा, गिट्टी, बालुवा तथा माटोहरू पालिका नजिकका खोला, खहरेबाट नै आपूर्ति हुने देखिएको छ । पालिकाको मुख्य आम्दानीको श्रोतलाई पालिकाले उचित व्यवस्थापन गर्न नसक्दा चोरी निकासी भई नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम कर, मूल्य अभिवृद्धि कर तथा पालिकाको राजस्व छुट भएको अवस्था छ । यस सम्बन्धमा पालिकाले विशेष पहल गरी आम्दानी गर्न तत्परता देखाउनुपर्दछ ।

३७ **बसपार्क र टर्मिनल कम्प्लेक्स निर्माण**

✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.७९,४६,००० ।- सम्परीक्षण गरिएको ।)***

३८ **बीमा खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा रू.२० लाखभन्दा बढीको कामको बीमा गराउनुपर्ने र उपनियम १(घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको अवधिको हुनुपर्ने तथा नियम १२४ अनुसारको त्रुटी सच्याउने अवधिसमेतलाई कभर गर्ने गरी बीमा हुनुपर्दछ । देहायका निर्माण व्यवसायीले सुरुमा बीमा गरेपनि पटक पटक म्याद थप गर्दा बीमाको म्याद बढाएको नपाइएकोले त्रुटी सच्याउने अवधि भएको बीमा भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| सि.नं. | निर्माण व्यवसायीको नाम | विवरण | बीमा खर्च |
|---|---|---|---|
| १ | सेमोन रेन्वोज कन्स्ट्रक्सन प्रा.लि. | फ्रस्टल निर्माण | ३७१०८ |
| २ | सर्वेश्वर निर्माण सेवा | वडा नं. ७ को भवन निर्माण | ३१००१ |
| | | **जम्मा** | **६८१०९** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.९,९५,६८२।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,१०९ |

३९ **परामर्श तथा डिपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | परामर्शदाताको नाम | कुल खर्च रु | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | आकाशधारा सडक डि.पि.आर. तथा आ.ई.ई. निर्माण कार्य, हेटौंडा-१६ | सताब्दी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | ७३८१५५ | ४१५०५२८८३ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

४० **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का

अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

४१ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.८५ देखि ३१.६७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | ठेक्का नं | कामको विवरण | निर्माणकर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७९/८० | चक्रपथ सडक स्तरीकरण कार्य, हेटौंडा-१६ र १७ | अर्थ-श्रीमन जेभि, हेटौंडा, मकवानपुर | २९३५४९८०.११ | २०४५८४९९.२० | ३०.३१ |
| २ | ०२/०७९/८० | हात्तिगौंडा आलदमार पुल जोड्ने मोटरबाटो स्ल्याब ढलान, हेटौंडा उमनपा, मकवानपुर | माईरा एण्ड कन्स्ट्रक्सन, हेटौंडा, मकवानपुर | ९७८५०५९.४१ | ६७६७५०८.६२ | ३०.८४ |
| ३ | ०३/०७९/८० | गर्दोही चोक देखि सुर्य चोक तथा नगर विकास क्षेत्र सडक स्तरिकरण, हेटौंडा-०४ | अमृत कन्स्ट्रक्सन, गोरखा | १९९९७६७१.८१ | १६४७४३३०.३१ | १७.६२ |
| ४ | ०४/०७९/८० | पारिजातपथ, स्कुलरोड, नन्दस्थान सडक स्तरीकरण, हेटौंडा-०४ | अंकिता निर्माण सेवा, राक्सिराङ्ग, मकवानपुर | १३६१०७९६.७३ | ११५१०८५३.५४ | १५.४३ |
| ५ | ०५/०७९/८० | बेलिब्रिज सडक स्तरीकरण, हेटौंडा-०७ | दिश्रा टेक्नोलोजी प्रा.लि., कपन, काठमाडौं | २४३२०९४.३४ | २२८९९०७.८५ | ५.८५ |
| ६ | ०६/०७९/८० | पाटन उच्च अदालत (हेटौंडा ईजलास) कार्यालय परिसर ईन्टरलकिङ्ग गर्ने कार्य, हेटौंडा-०२ | न्यू युनिभर्सल कन्स्ट्रक्सन, हेटौंडा, मकवापुर | १५००२२२.९० | १०२५०७२.०२ | ३१.६७ |
| ७ | ०७/०७९/८० | पुरानो मकवानपुर रोड सडक स्तरीकरण कार्य, हेटौंडा-०२ | अंकिता निर्माण सेवा, राक्सिराङ्ग, मकवानपुर | १०७०७५८२.५२ | ८१६२७४८.६५ | २३.७७ |
| ८ | ०८/०७९/८० | पुरानो मकवानपुर रोड सडक स्तरीकरण (गणेश मन्दिर) कार्य, हेटौंडा-०२ | दोलखा कालि भुमे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., कोटेश्वर, काठमाडौं | २९२११००.४२ | २२३३३१७.५९ | २३.५५ |

४२ **कोटेशनबाट कार्य**

*✗.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२८ को निर्णयबाट रु.७९,७३,४७२।- सम्परीक्षण गरिएको ।)*

४३ **विवरण पेस नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । देहायका विद्यालयलाई चार कोठे भवन र नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान वापत रू.१ करोड ६१ लाख २३ हजार १७० भुक्तानी दिएको छ । संलग्न फाँटबारी परीक्षण गर्दा कार्यपालिकाको मिति

२०८०।३।१४ को निर्णयले प्रदेश सरकारको रकम खर्च गर्ने, फिर्ता नपठाउने उद्देश्यले सिधै खर्च लेखी विद्यालयलाई दिएको र कार्यसम्पन्न प्रतिवेदनको आधारमा फुकुवा गर्दै जाने र हाललाई रोक्का गर्ने भन्ने देखियो । साथै पालिकाको पत्र संख्या २१।२०७९।८० च.नं.१०७४२ मिति २०८०।३।२१ को पत्रबाट नेपाल बैङ्क लि. हेटौंडालाई अर्को सूचना नभएसम्म रकम रोक्का गर्ने पत्र लेखेको देखिन्छ । सामान्यतया वर्षको अन्त्यमा खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नपर्नेमा सिधै खर्च लेखको नियमसम्मत देखिएन । साथै उक्त विद्यालयलाई दिएको रकमको कार्यसम्पन्न भएको प्रमाण लेखापरीक्षण अवधिसम्म नदेखिको हुँदा सोको प्रमाण पेस हुनुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | अरनिको आ.वि. ज्यामिरे | चारकोठे भवन | १६२३१७० |
| २ | शंकर ज्योति आ.वि. | | ४५००००० |
| ३ | आधुनिक राष्ट्रिय मा.वि. | नमूना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान | ५०००००० |
| ४ | चन्द्रोदय मा.वि. | | ५०००००० |
| | | जम्मा | १६१२३१७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६१,२३,१७० |

## ४४ ल्यापटप र सिसि क्यामेरा खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले वार्षिक बजेटमा ल्यापटप, कम्प्युटर, सि.सि. क्यामेरा खरिद गर्न रकमनै छुट्टाएको छ । यसरी एकै खालको सामान सिधै खरिदको सीमाभन्दा बढी खरिद गर्नुपर्दा खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा छोटो समयमा पटकपटक टुक्रा टुक्रा पारी देहायअनुसार खरिद गरेको छ । यसरी खरिद गर्दा सामानको स्पेशिफिकेशन तयार नगर्ने, सामान प्राप्त भएपछि गुणस्तर जाँच नहुने, प्रतिस्पर्धा सीमित हुने कारण खरिद कार्य मितव्ययी हुन सक्ने देखिएन । तसर्थ उक्त खरिद कार्य नियमसम्मत नदेखिएको रू.

| सि.नं. | सामान आपूर्ति गर्ने सप्लायर्सको नाम | विवरण | भुक्तानी भ्याट सहित |
|---|---|---|---|
| १ | द विज्ञ इन्टरनेशनल सप्लायर्स | सि सि क्यामेरा | २१६५०८ |
| २ | रेड चिप आई टि सोलुसन | | १३१५९४ |
| ३ | रेड चिप आई टि सोलुसन | | १४६८५० |
| ४ | श्री आफ्नो ट्रेड कन्सर्न प्रा.लि. | | ३९५६५५ |
| ५ | श्री इनोभेटिभ मिडिया एण्ड मल्टिपल विजनेश प्रा.लि. | | २८११८७ |
| ६ | श्री एक्सपर्ट मल्टी पर्पोज स्टोर | | २९५१६८ |
| ७ | श्री एक्सपर्ट मल्टी पर्पोज स्टोर | | ३५५०८१ |
| ८ | श्री एडभान्स टेक्नोलोजी ग्रुप | | ४९२८५० |
| ९ | श्री एडभान्स टेक्नोलोजी नेपाल | | १९१७६१ |
| १० | श्री ओरियन आई टि सोलुसन एण्ड सप्लायर्स | | १३३८४९ |
| ११ | श्री नेपाल पावर सोलुसन प्रा.लि. | | ९९३४५० |
| १२ | श्री नोभा आई टि स्टोर | | २९५५६४ |
| १३ | श्री नोभा आई टि स्टोर | | २७४३४३ |
| १४ | श्री नोभा आई टि स्टोर | | १९०४५१ |
| १५ | श्री न्यु आई टि विजार्ड | | ६९३०६९ |
| १६ | श्री न्यु आई टि विजार्ड | | १७८८७९ |
| १७ | श्री बापु एण्ड सन्स कम्पनी प्रा.लि. | | ७२१८४५ |
| १८ | श्री बापु एण्ड सन्स कम्पनी प्रा.लि. | | २८७९६९ |
| १९ | श्री सुत्र डेभलपर्स एण्ड सप्लायर्स | | १९७११८ |
| | | **जम्मा** | **६४७३१९१** |
| १ | श्री इन्फाइनेट सोलुसन | ल्याप्टप, कम्प्युटर | ९८८९१० |

| | | | |
|---|---|---|---|
| २ | श्री इन्फाइनेट सोलुसन | | ९९७०१६ |
| ३ | श्री इलाइट स्टेशन | | ५७७३१८ |
| ४ | श्री इसटेक सप्लायर्स | | ९७१६८७ |
| ५ | श्री एडभान्स टेक्नोलोजी ग्रुप्स | | ९९६५४८ |
| ६ | श्री एराटेक सप्लायर्स | | १११९०० |
| ७ | श्री टेक लाइट ग्रुप्स टेर्ड कन्सर्न | | ९६००० |
| ८ | श्री टेक लाइट ग्रुप्स ट्रेड कन्सर्न | | ९६००० |
| ९ | श्री टेक लाइट ग्रुप्स ट्रेड कन्सर्न | | १६८१०० |
| १० | श्री टेङ्कक लाइट ग्रुप्स ट्रेड कन्सर्न | | ९८००० |
| ११ | श्री नोभा आई टि स्टोर्स | | १०९३८४ |
| १२ | श्री न्यु आई टि विजार्ड | | १३४८०० |
| १३ | श्री बापु सप्लायर्स | | १३८६०० |
| १४ | श्री बापु सप्लायर्स | | २१६००० |
| १५ | श्री बापु सप्लायर्स | | ४८६२९४ |
| १६ | श्री युनाईटेड ट्रेडिङ | | ९८५८०६ |
| १७ | श्री युनाईटेड ट्रेडिङ | | १६८२५७ |
| १८ | श्री रेड चिप आई टि सोलुसन | | ३५५७६९ |
| १९ | श्री विज्ञ इन्टरनेशनल सप्लायर्स | | २५७०७५ |
| २० | श्री श्लोक इलेक्ट्रोनिक्स सप्लायर्स | | ७९९८०० |
| २१ | श्री स्काईलिंक सोलुसन प्रा.लि. | | ९८६९०८ |
| | | **जम्मा** | **९७४०१७२** |
| | | **कुल जम्मा** | **१६२१३३६३** |

पुनश्चः सडमा राखिएका सि सि क्यामरा सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा बुझाई सि सि क्यामराको रेखदेख र सुरक्षाको जिम्मा दिनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १,६२,१३,३६३ |

**४५ सक्कल बिल भरपाई पेस नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कृषि विकास निर्देशनालय र उपमहानगरपालिका बीच मिति २०७७।५।१४ मा कृषि उपज थोकबजार केन्द्र निर्माण गर्दा कुल लागतको ७० प्रतिशत निर्देशनालय र ३० प्रतिशत पालिकाले व्यहोर्ने सम्झौता भएको थियो । सोही सम्झौता अनुसार पालिकाले यसवर्ष देहायअनुसार पेस्की, मूल्य अभिवृद्धि तथा बिल भुक्तानी वापत रू.२,३७,९०,०४३।४९ भुक्तानी दिएको छ । निर्माण व्यवसायी अनक।माउन्टेन जे.भी. र कृषि विकास निर्देशनालयबीच भएको ठेक्का सम्झौता लगायत सक्कल बिल भरपाई लेखापरीक्षणको समयमा प्राप्त हुन आएन । यससम्बन्धमा पालिकाले सक्कल बिल निर्देशनालयमा रहेकोले सोही ठाउँमा अन्तिम लेखापरीक्षण हुने जानकारी दिएको छ ।उक्त भुक्तानी रकमको अन्तिम लेखापरीक्षण भएको प्रमाण पेस हुनुपर्दछ ।

| सि. नं. | भौ. नं . ।मिति | भुक्तानी रकम |
|---|---|---|
| १ | ६।२०७९।४।२ | ६७०७००० |
| २ | १९८।२०७९।७।४ | ४८०९१५४ |
| ३ | ४०६।२०७९।१०।१३ | ३०९३७५३ |
| ४ | १५७५।२०८०।३।२३ | ३४२३२५३ |
| ५ | १०३०।२०८०।२।१४ | २०६११९५ |
| ६ | १०३१।२०८०।२।१४ | ३६९५६८८ |
| | **जम्मा** | **२३७९००४४** |

४६ **प्रमाण नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाको संगठन तथा व्यवस्थापन (O & M Survey) गर्नको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई पेस्की फर्स्यौट सहित रू.४,७८,७९९।— भुक्तानी दिएको छ । रकम भुक्तानी दिएपछि प्रतिष्ठानबाट सक्कल बीजक पेस भएको छैन। साथै संगठन तथा व्यवस्थापन सम्बन्धी प्रतिवेदनसमेत लेखापरीक्षणको समयमा पेस हुन नआएकोले सोको प्रमाण पेस हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७८,७९९ |

४७ **कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ र १२५ अनुसार सम्झौता अनुसारको निर्माण कर्ताले कार्यसम्पन्न भैसकेपछि कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । देहायका निर्माण व्यवसायीबाट देहाय अनुसार कार्य गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यस्वीकार प्रतिवेदन तथा कार्यसम्पन्न प्रतिवेदन श्रेस्तामा संलग्न नभएको हुँदा सोको प्रमाण पेस हुनुपर्दछ ।

| भौ. नं . ।मिति | निर्माण व्यवसायीको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ३८।२०८०।३।२३ संघीय | क्रिष्टल प्रडक्ट प्रा. लि . | 50N6NS 2P HDPE PIPE | ३७९६३४ |
| १६०५।२०८०।३।२३ | जगदम्बा ह्यूम पाइप | ह्यूम पाइप | १५१३६४ |
| ११०९।२०८०।२।२२ | जि. वि . ह्यूम पाइप प्रा . लि . | ह्यूम पाइप | ९९७६७७ |
| ९३३।२०८०।२।३ | नेहा इलेक्ट्रिक एण्ड पार्टस | सडक बत्ति | २९६५६८ |
| ९४१।२०८०।२।३ | न्यू समझदारी इञ्जिनियरिङ्ग वर्क्स | बिजुलीको ब्राकेट | १९८८८० |
| ८६४।२०८०।१।२४ | डि. जि . इन्टरप्राइजेज | सडक बत्ति | २९९९०२ |
| ४२।२०८०।३।२४ | हाइटेक इञ्जिनियरिङ्ग वर्क्स प्रा. लि . | सिरानचोक झोलुङ्गे पुलको स्टील पार्टस् | १०९०८११ |
| ४१।२०८०।३।२४ | ग्रामीण जागरण र विकास संस्था नेपाल | झोलुङ्गेपुल सेवा शुल्क | १९८८८० |
| ३७।२०८०।२।२२ प्रकोप | जि. वि . ह्यूम पाइप प्रा . लि . | ह्यूम पाइप | ५००००० |
| ३६।२०८०।२।२१ प्रकोप | नेपाल ह्यूम पाइप मैनुफ्याचर्स प्रा. लि . | ह्यूम पाइप | १८५००० |
| | | **जम्मा** | ४२९८७१६ |

४८ **प्रमाण पेस गर्नुपर्ने**

***✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.८,०८,०९७।९५ सम्परीक्षण गरिएको ।)***

४९ **प्राविधिक परीक्षण प्रतिवेदन**

***✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.१४,२४,६४६।- सम्परीक्षण गरिएको ।)***

५० **डिप बोरिङ कार्य**

***✂........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.२,९५,७७९।- सम्परीक्षण गरिएको ।)***

५१ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४, को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जसअनुसार सडक सम्बन्धी कार्यको लागि सडक विभागको नर्म्स, भवनको लागि भवन विभागको नर्म्स र पुरातत्व सम्बन्धी कार्यको लागि पुरातत्व विभागको नर्म्स लगायत अन्य निकायले तयार गरेको कार्य प्रकृति अनुसारको स्वीकृत नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्ने व्यवहारमा प्रचलन रहेको छ ।

कुनै निकायको लागत निर्माण गर्ने सन्दर्भमा आफ्नो छुट्टै नर्म्स नभएको र अन्य निकायले तयार गरेका एउटै कार्य प्रकृतिको एकभन्दा धेरै नर्म्स भएको सम्बन्धमा तुलना गरी ती मध्ये लागत किफायती तथा मितव्ययी हुने नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्दछ । निर्माण कार्यको सम्बन्धमा पालिकाको आफ्नै छुट्टै नर्म्स नभएको अवस्थामा अन्य निकायका उपलब्ध नर्म्स मध्ये तुलना गरी किफायती नर्म्स प्रयोग गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । पालिकाले निम्नानुसार सडक निर्माणको लागत अनुमान तयार गर्दा सडक विभागले जारी गरेको नर्म्स प्रयोग नगरी स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको नर्म्स प्रयोग गरेकोले उपभोक्ता समिति मार्फत सम्पादित कामको भुक्तानी गर्दा सडक विभागले जारी गरेको नर्म्स अनुसार हुने दरले भन्दा देहाय अनुसार बढी खर्च भएको देखिएकोले बढी व्ययभार परेको रु.

| भौ. नं . ।मिति | उपभोक्ताको नाम | काम | सम्पादित काम परिमाण घनमिटर | सडक विभागको नर्म्स अनुसारको दर | डोलीडारको नर्म्स अनुसारको दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३५।२०७९।५।२ | खड्कुले बाटोमा कंक्रित ढलान निर्माण उ.स. | PCC १:२:४ | ९५.१९ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | १७२१६६.३५ |
| ३९।२०७९।५।५ | विरेन्द्रपथ सडक स्तरोन्नति उ.स. ४ | PCC १:२:४ | ६८.१६ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | १२३२७८.२७ |
| ४१।२०७९।५।५ | त्रिवेणी मार्ग स्ल्याब निर्माण उ.स. ७ | PCC १:२:४ | ६४.९५ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ११७४७२.४७ |
| ४२।२०७९।५।५ | बाटो ढलान तथा नाला व्यवस्थापन उ.स. ५ | PCC १:२:४ | ४३.९३ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ७९४५४.४३ |
| | | PCC १:१.५:३ | ९.२५ | ९२५७.११ | ११५७३.०१ | २३१५.९० | २१४२२.०८ |
| ५०।२०७९।५।८ | मजुवा जलारी बाटो स्ल्याब ढलान उ.स. १८ | PCC १:२:४ | ४२.९५ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ७७६८१.९५ |
| ५३।२०७९।५।८ | चाइना काटर नाला निर्माण उ.स. १ | PCC १:२:४ | १५.४१ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | २७८७१.४५ |
| ५५।२०७९।५।८ | बेलडाँडा गोठदमार महादेवस्थान मोडको अधुरोबाटो ढलान उ.स. १२ | PCC १:२:४ | ४१.१२ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ७४३७२.१० |
| ५७।२०७९।५।९ | स्ल्याब ढलान तथा सतल निर्माण उ.स. | PCC १:२:४ | ६९.५० | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | १२५६९४.६४ |
| ६८।२०७९।५।१७ | चौघडा कालीपोखरी बुढीखोल्सा कल्भर्ट बाटो निर्माण उ.स. ६ | PCC १:२:४ | ५८.०३ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | १०४९५६.५४ |
| ७६।२०७९।५।१९ | चिसापानी सडक निर्माण उ.स. ४ | PCC १:२:४ | २४८.८० | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ४४९९९०.९९ |
| ७९।२०७९।५।२० | अमृत मार्ग स्ल्याब ढलान उ.स. ५ | PCC १:२:४ | १५६.०१ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | २८२१६९.०५ |
| ९६।२०७९।५।३० | पवित्रमार्ग स्ल्याब ढलान उ.स. ३ | PCC १:२:४ | ११.४७ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | २०७४८.९५ |
| १०१।२०७९।६।२ | भानु मार्ग बाटो स्ल्याब ढलान उ.स. ८ | PCC १:२:४ | ३६.०१ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ६५१२९.८५ |
| १११।२०७९।६।६ | चन्द्रोदय कर्णावती मनमोहन मार्ग ढलान निर्माण उ.स. | PCC १:२:४ | ५४.७६ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ९९०४२.२२ |
| १०६।२०७९।६।४ | अड्डा मार्ग शाखा रोड निर्माण उ.स. २ | PCC १:२:४ | ३४.१८ | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | ६१८२०.०० |
| ११३।२०७९।६।९ | ढल नाला तथा सडक निर्माण उ.स. १० | PCC १:२:४ | ९६.५० | ८००२.०० | ९८१०.६६ | १८०८.६६ | १७४५३५.६९ |
| ३७।२०७९।५।५ | दक्षिणकाली टोल कंक्रिट निर्माण उ.स. ५ | PCC १:१.५:३ | ७.१२ | ९२५७.११ | ११५७३.०१ | २३१५.९० | १६४८९.२१ |
| ७३।२०७९।५।१९ | वाटिका टोल विकास संस्था ५ | PCC १:१.५:३ | ७.१० | ९२५७.११ | ११५७३.०१ | २३१५.९० | १६४४२.८९ |
| ३४।२०७९।५।२ | अब्बलडाँडा सडक निर्माण उ.स. | PCC १:१.५:३ | ३२.०० | ९२५७.११ | ११५७३.०१ | २३१५.९० | ७४१०८.८० |
| | | | | | | **जम्मा** | २१८४८४७.९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,८४,८४७.९३ |

## ५२ उपभोक्ताबाट सामान खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्ताबाट निर्माण सम्बन्धी कार्य सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा वा त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट गराउन सकिने व्यवस्था छ। तर उपभोक्ता मार्फत् सामान मात्र खरिद गर्न पाउने देखिँदैन । टोल विकास संस्था वडा समन्वय समिति हेटौंडा-८ लाई स्टारबाट कम्प्युटर सिष्टम र मकवानपुर स्टील फर्निचर उद्योगबाट क्रमश कम्प्यूटर र फर्निचर खरिद गरेवापत रू.३,१८,९९९।- भुक्तानी दिएको छ । उक्त खर्च नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,१८,९९९ |

## ५३ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिका र उपभोक्ता समितिबीच सम्झौता हुँदा कुल कार्यसम्पन्न रकमको सडक निर्माणमा २० प्रतिशत र भवन मन्दिर निर्माणमा १० प्रतिशत उपभोक्ताले व्यहोर्ने र बाँकी रकम पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ । सम्झौता अनुसार पालिकाले उपभोक्ताले सम्पन्न गरेको कामको आधारमा रकम उपलब्ध गराउँदा परीक्षण गरिएका केही उपभोक्ताहरूलाई सम्झौता भन्दा बढी रकम भुक्तानी दिएको देखिन आयो । तसर्थ तहाँबाट छानबिन गरी बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं.।मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कार्यसम्पन्न रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १६६३।२०८०।३।२४ | रुद्रेश्वर पर्खाल प्रदेशद्धार तथा सिढी निर्माण उ.स. ५ | ११३६४११ | १२४१३३३ | १११७२०० | १९२११ |
| १६२७।२०८०।३।२४ | पिप्ले यूवा क्लब (क्याम्पचौर प्याराफिट निर्माण) ५ वडा | ६००२२०० | ७२२६५९२ | ५७८१२७४ | २२०९२६ |
| १६२२।२०८०।३।२३ | नयाँ प्याराफिट निर्माण उ.स. वडा नं. ५ | २२१५६८८ | २०१६९३९ | १६१३५५१ | ६०२१३७ |
| १५४५।२०८०।३।२१ | भुलभुले ज्योति खेल मैदान स्तरोन्नति उ.स. १८ | १७४०६९८ | १९८१०५१ | १५८४८४१ | १५५८५७ |
| १५२२।२०८०।३।२१ | वनस्पती हुँदै पदम पोखरी जाने बाटोको जंगल क्षेत्रको पार्क निर्माणमा बाटो निर्माण १३ | १४०३४८९ | १५६०८१७ | १२४८६५३ | १५४८३६ |
| १४७९।२०८०।३।१९ | तमोनी खोलावाल निर्माण उ.स. १८ | ३००००० | ३५६३९५ | २८५११६ | १४८८४ |
| १३६८।२०८०।३।१४ | बलराम योञ्जनको घरदेखि पूर्व ढल निर्माण उ.स. १५ | ५००००० | ६३०५७६ | ३५६८१४ | १४३१८६ |
| १३७६।२०८०।३।१४ | ठूलोदमार व्याडमिन्टन कोर्ट निर्माण वडा १८ | ४४३६४३ | ४९२९६१ | ३९४३६८ | ४९२७५ |
| १३२६।२०८०।३।११ | एकीकृत अटो भिलेज उ.स. ११ र १९ | १२७४३९४ | १४१३४७८ | ११३०७८२ | १४३६१२ |
| १३२५।२०८०।३।११ | पक्की पुल निर्माण उ.स. १९ | ९८७२०१ | १२२४८९४ | ९७९९१५ | ७२८६ |
| १२४२।२०८०।३।३ | घ्याम्पे र आकाशधारा खेल मैदान निर्माण उ.स. १६ | ६९८७६१ | ७७६७६२ | ६२१४१० | ७७३५१ |
| १२०३।२०८०।२।३१ | धापटोल विकास संस्थान संस्था ९ | १५००००० | १६७२८४७ | १३३८२७७ | १६१७२३ |
| १०३६।२०८०।२।१६ | ली टोल जाने बाटो स्ल्याब ढलान उ.स. १८ | ८९९५३५ | ११०९९२७ | ८८७९४२ | ११५९३ |
| ८३८।२०८०।१।१९ | भृकुटी मा.वि. खाल्डो पुर्ने तटबन्ध १४ | ३००००० | ३३६८९० | २६९५१२ | ३०४८८ |
| ८१९।२०८०।१।१५ | एकीकृत अटो भिलेज उ.स. ११ र १९ | ९८३१८१ | ११६८४३८ | ९३४७५० | ४८४३१ |
| जम्मा | | २०३८५२०१ | २३२०९९०० | १८५४४४०५ | १८४०७९६ |
| | | | | असुल गर्नुपर्ने | १८,४०,७९६ |

## ५४ निर्माण व्यवसायीबाट काम

*४........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.४०,०५,१८०।- सम्परीक्षण गरिएको ।)*

## ५५ कर कट्टी छुट

आर्थिक ऐन, २०७९ मा रु. ५० लाख माथि कार्यसम्पन्न भई उपभोक्तालाई रकम भुक्तानी गर्दा भुक्तानीमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेकोले छुट कर असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| गोभौनं./मिति | कार्यक्रम | भुक्तानी | कार्यसम्पन्न | लाग्ने कर | कट्टी कर | कर छुट |
|---|---|---|---|---|---|---|
| १६५९।२०८०।३।२४ | चक्रपथ बाटो तथा कल्भर्ट निर्माण उ. स .१६ | २२००००० | ५३६०८१५ | ८०४१२।२२ | ५७८७५ | २२५३७ |
| १३८४।२०८०।३।१५ | कुवापानी सेरसेर बाटो स्तरोन्नति वडा नं. १९ | ४५००००० | ५६३५३९० | ८४५३० | ७९०६० | ५४७० |
| जम्मा | | | | | | २८००७ |

## ५६ मूल्य अभिवृद्ध कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको भुक्तानीमा ३० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी दिने उल्लेख छ ।पालिकाले देहायअनुसारको भुक्तानी मू.अ.कर रकम कट्टी गरेको पाईएन।त्यसैले सम्बन्धित आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.

| भौ नं र मिति | भुक्तानी पाउने | मू अ कम रकम | ३० प्रतिशत |
|---|---|---|---|
| ३१६०, ३।२२ | आईडिया ब्रिज आई टी शोलुसन प्रा लि<br>सम्झौता २०७९।१२।१२ मा | ५६१९९। | १६८६० |
| ३०६४, ३।२१ | प्रविधि ईनोभेन्सन प्रा लि<br>सम्झौता २०७९।१२।१२ मा | ५६६१५ | १६९८४ |
| २७३७, ३।१३ | ग्रेसी सर्जिकल तथा ईलेक्ट्रोनिक्स | ११३६३६ | ३४०९० |
| २३०३, २।१२ | झलझली मल्टी क्रियशन म्युजिक स्टुडियो<br>२०७९।११।२ मा सम्झौता | ३४३५९ | १०३०७ |
| | | **जम्मा** | **७८२४१** |
| | | प्रमाण पेश नगरेको | ७८,२४१ |

## ५७ न्यायिक समितिको बैठक भत्ता

नेपालको संविधान, २०७२ को धारा २१७ मा प्रत्येक स्थानीय तहमा उपाध्यक्ष, उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यबस्था छ । त्यसै गरी बागमती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धमा बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को (पहिलो संबोधन २०७७ ) को दफा ४(क) मा अनुसुचि १(ग) बमोजिमको दरमा मा न्यायिक समितिको संयोजक र सदस्यका लागि मात्र बैठक भत्ता दिन पाउने व्यबस्था उल्लेख छ।तर पालिकाले भौचर नं १५७४ मिति २०७७।११।२९ मा न्यायिक समितिका सदस्य बाहेक अन्य ६ जनालाई ८ बैठको र भौचर नं ८७१ मिति २०७९।८।२८ मा न्यायिक समितिका सदस्य बाहेक अन्य ७ जनालाई ८ बैठक को बैठक भत्ता सुजन तिमल्सिना मार्फत् भुक्तानी गरेको देखियो।न्यायिक समितिको ऐनमा तोकिएको भन्दा फरक व्यक्तीलाई बैठक भत्ता भुक्तानी भएको कार्यमा सुधार गर्नुपर्दछ।

## ५८ तालिम, दिवश अनुगमन

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन)मा स्थानीय पदाधिकारीहरूले अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन।आषाढ र जेठ महिनाको श्रेष्ता परीक्षणमा पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई विद्यालय अनुगमन,तालिम अनुगमन तथा कार्यक्रम अनुगमन बापत रु १०००।का दरले अनुगमन भत्ता भुक्तानी गरेको देखियो।पालिकाले ऐन तथा नियममा व्यबस्था नभएको सुविधा भुक्तानीमा सुधार गर्नु पर्दछ। यसका केही उदाहरण यस प्रकार रहेको छः

| भौचर नं र मिति | विबरण | अनुगमन |
|---|---|---|
| २९२६, ३।१८ | वडा नं ८ को योजना अनुगमन | वडा अध्यक्ष लगायत ८ जनालाई<br>१५ दिनको रु १ हजारका दरमा रु १०००००। |
| १९९६, १।१३ | वडा नं ३ को योजना अनुगमन | वडा अध्यक्ष लगायत ७ जनालाई रु १ हजारका दरमा रु ७३१००। |
| ३३३०, ३।२४ | शैक्षिक प्रदर्शनी कार्यक्रम १ दिने | ५ जना कर्मचारीलाई रु ५०००। |
| ३३२४, ३।२४ | विश्व बाताबरण दिवश अनुगमन | १ कर्मचारी लगायत अन्यलाई १८०००। |

| | | |
|---|---|---|
| ३२७९, ३।२४ | तालिम अनुगमन | ४ जना कर्मचारीलाई ४००० |
| ३१०४, ३।२१ | स्काउट क्याम्प कार्यक्रम अनुगमन | ४ जना कर्मचारीलाई रु १२००० |
| ३०८२, ३।२१ | तालिक अनुगमन | ४ जना कर्मचारीलाई ४००० |
| २७२०, ३।१२ | सरसफाई कार्यक्रम अनुगमन | पदाधिकारीसहित २ जना २००० |
| २६२८, ३।६ | सांस्कृतिक कार्यक्रम अनुगमन | ५ जना कर्मचारीलाई ५००० |
| २१६१, २।३ | प्रतियोगिता अनुगमन | ७ जना कर्मचारी ७००० |
| १७८७, १२।२१ | घोषणा कार्यक्रम अनुगमन | वडा सदस्य लगायत ६ जना ६००० |

५९ **बैठक भत्ताः**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१५ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने, आमन्त्रित सदस्यमा समितिको संख्याको पच्चीस प्रतिशतले हुन आउने संख्या मात्र राख्नु पर्ने लयातका व्यबस्था उल्लेख छ।आषाढ महिनाको बैठक भत्ताको केही भौचर परीक्षणमा सामाजिक विकास समितिको बैठक, विपद् व्यबस्थापन समितिको बैठक, मुल्यांकन समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र बैठकको समय समेत नखुलाई बैठक बसेको र आमन्त्रितको संख्या तोकिएको भन्दा बढी संख्यामा राखी भत्ता खर्च लेखेको छ।प्रायः बैठकको १।१ वटा मात्र निर्णय गरी बैठक सम्पन्न भएको देखिन्छ।तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ।बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ।

| भौचर नं र मिति | बैठक | विबरण | भत्ता रकम |
|---|---|---|---|
| ३२९३,३।२४ | संगठन संरचना तथा दरबन्दीमा पुनरावलोकन समितिको बैठक भत्ता भुक्तानी विनामाया थिङ | प्र प्र अ को संयोजकत्वमा ६ सदस्यीय समिति | ८०००० |
| | | १२।१० को बैठकमा १० जना आमन्त्रित संख्या ,१।२७ को बैठकमा २० जना आमन्त्रित संख्या र २।३२ को बैठकमा १३ जना आमन्त्रित संख्या | |
| ३१२३,३।२१ | बाल अधिकार समितिको बैठक | पदाधिकारीको संयोजकत्वमा १० सदस्यीय समितिमा | ९४३६४ |
| | | ११।१८ को बैठकमा १० जना आमन्त्रित संख्या | |
| २९७०,३।१९ | सामाजिक विकास समिति | ५ सदस्यीय समितिमा आमन्त्रित संख्या ७ देखि ८ जना र बैठकको समय नखुलेको | २८१००० |
| | | टोल विकास संस्थाको साधारण सभा र अधिवेशनमा सहभागी भई अनुगमन बापतको अनुगमन भत्ता समेत भीम प्रसाद तिमल्सना लगायत १२ जनालाई भुक्तानी | |
| २२४२,२।९ | सम्मान तथा शिष्टाचार समितिको बैठक भुक्तानी विनामाया थिङलाई | ५ सदस्यीय समितिमा, १०।२२ को बैठकमा आमन्त्रित १५ जना र बैठक समय पनि नखुलेको। | १०५००० |
| १०१७,९।१८ | पदपुर्ति समितिको बैठक भुक्तानी राम प्र गुरागाईलाई | ६ सदस्यीय समितिमा, ८।१८ को बैठक दिउसो १ बजे, ८।२४ को बैठक १.४५ बजे, ९।२ मा १२.३० बजे र १.३० बजे कार्यालय समयमा | ३०८७०० |

६० **महंगी भत्ता**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७९।१।१५ को निर्णय अनुसार सवै सरकारी निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र रहेका करार कर्मचारीहरूको सेवा सुविधामा एकरुपता कायम गर्न अर्थ मन्त्रालयको पत्र संख्या ३६५।०३।०७८।७९ चलानी नं १७१९ मिति २०७९।१।२१ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता नपाउने व्यबस्था उल्लेख छ। पालिकाले यस बर्ष मासिक रु २०००।का दरमा २२५ जना

करारमा कार्यरत कर्मचारीलाई महंगी भत्ता रु २९,९७,७६८।भुक्तानी गरेको देखियो।निर्देशिका विपरित नियममा उल्लेख नभएको करारलाई महंगी भत्ता भुक्तानीले उपमहानगरपालिकालाई थप व्ययभार परेको छ।

६१ **अधिक कर्मचारी**

सामान्य प्रशासन मन्त्रालयको २०७५ को स्वीकृत दरबन्दी संख्या २३१ जना रहेकोमा २०७५ मा O&M सर्वेक्षणद्वारा ५५० जनाको स्वीकृत दरबन्दी कायम गरी २०७९ को सर्वेक्षणद्धारा पनि ५५० जना नै कायम गरेकोमा पुनः २०८० मा सर्वेक्षण गरी ७४५ जनाको कुल दरबन्दी कायम गरेको छ। उपलब्ध विबरण अनुसार स्थायी दरबन्दी ४४० र करार र ज्यालादारी संख्या ३०५ जनाको दरबन्दी उल्लेख भएकोमा अषाढ महिनाको तलबी पेरुल अनुसार २४३ जना करार र ज्यालादारी संख्या तथा २५४ जना स्थायी कर्मचारी रहेको छ। यस बर्ष कुल कर्मचारी पारिश्रमिक खर्च २५ करोड ११ लाख ५० हजार खर्च उल्लेख भएको छ।जसमध्ये ९ करोड करार र ज्यालादारी कर्मचारीको पारिश्रमिकमा खर्च भएको छ।वडा नं १ देखि १९ सम्मा जम्मा रु ६,६८,०६,७५४।राजश्व आम्दानी भएको छ भने करार कर्मचारीको पारीश्रमिकमा ९ करोड अर्थात् १३४ प्रतिशत आम्दानीको तुलनामा बढी खर्च भएको देखिन्छ । पालिकाको कुल राजश्व आम्दानी रु ३४,९३,०५,२००।मा कुल कर्मचारी पारिश्रमिक रु २५,११,४९,७३१। अर्थात् ७१.८९ प्रतिशत कर्मचारी पारीश्रमिकमा मात्र खर्च भएको देखिन्छ। कुल पारिश्रमिक र प्रोत्साहन भत्ता समेत गरी रु २६,२७,८२,२३२।को तुलनामा पालिकाको कुल राजश्व आम्दानी रु ३४,९३,०५,२००। अर्थात् आम्दानीको ७५.२३ प्रतिशत कर्मचारी पारिश्रमिकमा खर्च भएको देखिन्छ। पालिकाको आन्तरीक आयको ठूलो हिस्सा कर्मचारी पारिश्रमिकमा मात्र खर्च हुने भएकाले पालिकाले उपलब्ध जनशक्तीको उच्चतम् सदुपयोगद्धारा कार्यसम्पादनको स्तरलाई ध्यान दिनु पर्ने र उपमहानगरपालिकाको कार्यालयले अधिक कर्मचारी नियुक्ती गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

६२ **सल्लाहकार**

*✂........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.७,३३,८१५।- सम्परीक्षण गरिएको ।)*

६३ **करार कर्मचारी**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली र सरसफाई सम्बन्धि पदमा मात्र प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनु पर्ने व्यबस्था उल्लेख छ।साथै स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ९(१४) मा कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदार को लागि दरबन्दी भित्र रही व्यक्तीसंग करार गरी सेवा करारमा र ईलेक्ट्रीसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्थासंग करार गरी सेवा सम्पादन गराउन सकिने व्यहोरा उल्लेख छ।सो बिपरीत पालिकाले ईन्जिनियर अधिकृत छैटौं, सव ईन्जिनियर, सहायक पाँचौ जनियर ईन्जनियर, सहायक चौथो अमिन, प्राविधिक सहायक, सहायक पाँचौ स्तरका सव ईन्जिनियर, कार्यालय सहायक, अमिन,कम्प्युटर अपरेटर लगायतका विभिन्न पदहरूमा २२५ जना कर्मचारीहरू (ज्यालादारी समेत) करार सेवामा राखी करार कर्मचारी पारीश्रमिक ८ करोड ९२ लाख २ हजार खर्च भुक्तानी गरेको छ ।ऐनले तोकेको पदहरूमा मात्र प्रतिस्पर्धाको आधारमा स्वीकृत दरबन्दी भित्र रही करार सेवा लिनुपर्दछ ।

६४ **तलबी प्रतिबेदन**

बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ६९(५) मा कार्यालयले प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाईबाट तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ।साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति

२०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा सो नगरी पालिकाले तलबी प्रतिबेदन पारीत नगराई उपलब्ध बिबरण अनुसार स्थायी कर्मचारीहरूको तलब तथा ग्रेड बापतको खर्च रकम रु. १५ करोड ५५ लाख ९७ हजार भुक्तानी गरेको छ। तलबी प्रतिबेदन पारित नगरी खर्च भएको तलब तथा ग्रेड रकम सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नुपर्दछ ।

६५ **प्रोत्साहन भत्ता**

*५...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रू.१,१६,३२,५०१।- सम्परीक्षण गरिएको ।)*

६६ **कर रकम**

आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ। जेठ र असाढ महिनाको श्रेस्ता परीक्षणमा पालिकाले निम्न अनुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरूको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो। अन्य महिनाहरूमा भुक्तानीभएको परामर्शदाताको यकिन गरी तहाँ बाटै असुल गर्नु पर्ने र निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

| भौचर नं र मिति | विवरण | भुक्तानी पाउने | कट्टा भएको | नपुग कर |
|---|---|---|---|---|
| ३२७७, ३।२४ | १ महिने कम्प्यूटर तालिम खर्च रु ५०००००। | नेपाल आदीवासी जनजाती महासंघ | ७६५२ | ६७३४८ |
| ३२५०, ३।२३ | साईपाटा बनाउँने तालिम ७ दिने संचालन खर्च १०००००। | लब्ली न्यू क्रियसन | ५५७८ | ९४२२ |
| ३२२९, ३।२३ | कम्प्यूटर सि सि टि भी जडान तालिम खर्च रु ४९२५००। | कम्प्यूटर एशोसियसन महासंघ हेटौडा | ६७५६ | ६७११९ |
| ३२१९, ३।२३ | ३ महिने सिलाई तालिम खर्च रु १०००००। | एकता आमा समुह | ४६९२ | १०३०८ |
| ३१५३, ३।२२ | ७ दिने झोला बनाउने तालिम खर्च रु १०००००। | परिवर्तन महिला तथा ऋण सहकारी संस्था लि | ४२३० | १०७७० |
| ३१६६, ३।२२ | क्षमता अभिबृद्धि तालिम खर्च १०००००। | खानेपानी तथा सरसफाई उ स | ५२८७ | ९७१३ |
| ३१०३, ३।२१ | ७ दिने ब्युटी पार्लर तालिम खर्च १५००००। | महिला जनशक्ती बचत तथा ऋण सहकारी संस्था लि | ७०३१ | १५४६९ |
| ३०१४, ३।२० | सेनेटरी प्याड बनाउने तालिम खर्च ९५००००। | नमस्ते नेपाल प्राविधिक शिक्षालय प्रा लि | ६०६७८ | ८१८२२ |
| ३०००, ३।२० | लोकसेवा आयोग तयारी कक्षा संचालन खर्च ४९८०००। | विकासका लागि अभियान नेपाल | ५३२६० | २१४४० |
| ३०९५, ३।२१ | शिप विकास तालिम खर्च २५००००। | मल्टी टेक्निकल ट्रेनि ङ ईष्टिच्युट | १९०९९ | १८४०१ |
| ३०४२, ३।२० | खेलकुद पत्रकारीता तालिम खर्च १०००००। | नेपाल खेलकुद पत्रकार मंच | २५०० | १२५०० |
| ३००१, ३।२० | ७ दिने नेतृत्व विकास तालिम खर्च १९५०००। | विकासका लागि अभियान नेपाल | १३७८५ | १५४६५ |
| २९६०, ३।१९ | ७ दिने फेसियल तालिम खर्च ९५४००। | आकर्षण ब्यूटी पार<br>लर एण्ड ट्रेनिङ सेन्टर | ६९१६ | ७३९४ |
| २९४१, ३।१८ | लोकसेवा कक्षा संचालन खर्च ५०००००। | नेशनल एलायन्स अफ मास्टर एजुकेशन ईस्टिच्युट प्रा लि | २३७०० | ५१३०० |
| २९४०, ३।१८ | क्षमता विकास तालिम खर्च १०००००। | बौद्धिक अनुसन्धान तथा परामर्श केन्द्र | ७६५९ | ७३४१ |
| २९००, ३।१८ | ब्युटिशियन तालिम खर्च १०००००। | अनमोल ब्युटी पार्लर एण्ड मेकअप स्टुडियो | ६५३२ | ८४६८ |
| २८९१, ३।१७ | महिला जनप्रतिनिधिलाई क्षमता विकास तालिम खर्च ८०१००। | नारी शीप विकास केन्द्र नेपाल | २७२२ | ९२९३ |
| २८८४, ३।१७ | प्रस्ताव तथा प्रतिबेदन लेखन तालिम खर्च १०००००। | सहायता कृषि सहकारी संस्था लि | ५५५८ | ९४४२ |
| २८६२, ३।१६ | ३ महिने सिलाई तालिम खर्च १२५५३६। | एकता आमा समुह | ६७२० | १२११० |
| २८६०, ३।१६ | ब्युटिशियन तालिम खर्च १०००००। | प्रोफेसनल ब्यूटी पार्लर एण्ड | ६०७८ | ८९२२ |

| | | | | |
|---|---|---|---|---|
| | | ट्रेनिङ सेन्टर | | |
| २८४९, ३।१६ | पत्रकार क्षमता अभिबृद्धि तालिम खर्च १०००००। | तामाङ पत्रकार संघ | ६७९८ | ८२०२ |
| २७८७, ३।१४ | अचार बनाउने तालिम खर्च ८००००। | आश्रय नेपाल | २८९८ | ९१०२ |
| २७६२, ३।१३ | मखमलको जुत्ता बनाउने तालिम खर्च २०००००। | मानब अधिकारका लागि एकल महिला समुह | ७४५६ | २२५४४ |
| २७५०, ३।१३ | कृष्टलको गहना बनाउने तालिम खर्च ८००००। | परिवर्तन सामुदायिक अध्ययन केन्द्र | ३६८७ | ८३१३ |
| २७१६, ३।१२ | प्रस्ताव लेखन र अनुशिक्षण तालिम खर्च ६५०००। | नवयुवा बचत तथा ऋण सहकारी संस्था | १७७४ | ७९७६ |
| २७०८, ३।११ | उद्यमशिलता तालिम खर्च९९०००। | सहयात्रा नेपाल | २९८६ | ११८६४ |
| २६९६, ३।१० | ब्राईडल मेकप तालिम संचालन खर्च १०००००। | महिला मिलन तथा ऋण सहकारी संस्था लि | ४४६५ | १०५३५ |
| २६९३, ३।१० | बहुवाली र कौशीखेती तालिम खर्च २०००००। | ग्रामिण महिला सेवा केन्द्र | ६७१० | २३२९० |
| २६६०, ३।८ | नेतृत्व विकास तालिम खर्च १३६८००। | नमुना सामुदायिक विकास समिति | बुझिनलिएको अनुगमन भत्ता | २०००। |
| २६५८, ३।७ | विद्यूत जडान तालिम खर्च २७२०००। | मकवानपुर रिकभरिङ समुह | ५२४६ | ३५५५४ |
| २६४७, ३।७ | ड्राईभिङ तालिम खर्च २००००० | | २८६१ | २७१३९ |
| २५७३, ३।४ | अचार बनाउने तालिम खर्च १५०००० | लालित्य सेवा प्रतिस्ठान | ५०२२ | १७४७८ |
| २५५१, ३।१ | लेखा व्यबस्थापन तालिम खर्च ३०००००। | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | १६६५६ | २८३४३ |
| २४८२, २।२९ | एड्भान्स वेकरी तालिम खर्च १००००० | एकिकृत सामुदायिक अध्ययन केन्द्र | ३३२६ | ११६७४ |
| २४१०, २।२१ | भाषण कला तालिम खर्च ८०००० | आश्रय नेपाल | ३३३० | ८६७० |
| २३४४, २।९ | कृष्टलको माला बनाउने तालिम खर्च १००००० | सामाजिक शिक्षा तथा ग्रामिण विकास संस्था | ३२७० | ११७३० |
| २१९४, २।५ | नेतृत्व विकास तालिम खर्च १००००० | नमुना सामुदायिक विकास समिति | ६२२८ | ८७७२ |
| २१९३, २।४ | बेमौसमी तरकारी खेती तालिम ५०००० | ग्रामिण जनजिवन सुधार मंच | ३६५३ | ३७७४ |
| ११८३, १०।११ | व्यूटीपार्लर तालिम खर्च १००००० | अशोकबाटिका व्यूटीपार्लर उ स | ३९६६ | ११०३४ |
| | | | **जम्मा** | ७२००४१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२०,०४१ |

६७ **प्रमाण पेश**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । व्यवस्थापकीय तथा शैक्षीक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारीत प्रोत्साहन अनुदानका लागि छनोटको आधार २०७९ बमोजिम प्रति विद्यालय रु.५,००,०००।- निकासा गर्ने, सोको बुंदा नं ६ को ख बमोजिम विद्यालयले अनुदान रकम खर्च सम्बन्धी प्रस्ताव प्रधानाध्यापकले तयार गरी विद्यालय व्यवस्थापन समितीबाट स्वीकृत गरी सोहि बमोजिम खर्च गर्नुपर्ने र कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्दछ । पालिकाले कार्यपालिकाको मिति २०८०।३।१४ मा बसेको बैठक बमोजिम निम्नानुसार विद्यालयको खातामा रु.१५,००,०००।- रोक्का राख्ने गरी निकासा दिएको र कार्य सम्पन्न प्रतिवेदनका आधारमा फुकुवा गरी फरफारक गर्ने निर्णय गरेको छ । अतः विद्यालयहरूले कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | श्री सिद्वार्थ मा. वी हेटौडा २ | ५००००० |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१।२ को निर्णयबाट रु.१०,००,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

६८ **कम कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्य गरेवापत भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार संस्थाहरूलाई सेवा कार्य गरे वापत रु.७,८८,०००।- भुक्तानी गर्दा १५ प्रतिशत कर रु.१,१८,२००।- कट्टा गर्नुपर्नेमा रु.१७,८५३।- कट्टा गरेकोले नपुग रु.१,००,३४७।- असुल हुनुपर्ने रु.

| भौ.नं. र मिति | संस्था | कार्यक्रम | भुक्तानी रकम | कट्टा गर्नुपर्ने रकम | कट्टा गरेको रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १२२।२०७९।५।५ | फ्रेण्डस हेटौडा | यौन स्वास्थ्य तथा यौनिक तथा लैङ्गीक अल्पसंख्यक कार्यक्रम | १०००००० | १५००० | ४७१३ | १०२८७ |
| १८७।२०७९।५।१७ | युवा अभियान नेपाल | बाल समुह संजाल क्षमता बिकास कार्यक्रम | १९८००० | २९७०० | ५४०० | २४३०० |
| जम्माः | | | २९८००० | ४४७०० | १०११३ | ३४५८७ |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.६५,७६०।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,५८७ |

६९ **नगर सभा**

✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.२,३१,४२४।- सम्परीक्षण गरिएको ।)***

७० **स्वास्थ्य स्वयमसेविका**

संघीय शसर्त कार्यक्रम अन्तर्गत स्वास्थ्य स्वंयम सेविकालाई यातायात र पोशाक खर्च वाफत बार्षिक रु.२२,०००।- दिने व्यवस्था छ । पालिकामा कार्यरत ९२ जना स्वास्थ्य स्वंयम सेविकालाई बार्षिक रु.२०,२४,०००।- भुक्तानी दिनुपर्नेमा पालिकाले भौ.नं. २८६।२०८०।२।१७ बाट रु.१३,४०,१००।-, भौ.नं. १३७।२०७९।११।११ बाट रु.४,२८,०००।- र भौ.नं १२०।२०७९।१०।२५ बाट रु.३,६४,०००।- गरी रु.२१,३२,१००।- भुक्तानी दिएको रु.१,०८,१००।- नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०८,१०० |

७१ **स्तर वृद्धि तलब भत्ता**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ तथा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० मा कर्मचारीको स्तर वृद्धि तथा तह वृद्धि सम्बन्धी व्यवस्था गरेको छ । स्तर वृद्धि तथा तह वृद्धि भएको निर्णय मिति देखि सोही स्तर वा तहले पाउने तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले स्वास्थ्यका निम्नानुसार कर्मचारीहरूलाई स्तर वृद्धि भएको निर्णय मितिदेखि तलब भत्ता भुक्तानी गर्नुपर्नेमा जेष्ठता कायम भएको मिति देखिको तलब भत्ता रु.१,५१,८२५।- भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | निर्णय मिति | जेष्ठता कायम मिति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | सि.अ.न.मि. पाँचौ सम्झना खतिवडा | २०७९।६।५ | २०७८।१२।१ | ८९१४ |

***प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.१,४२,९११।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९१४ |

७२ **कृषक सहभागिता**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को बुंदा नं ३१(४.१) मा धान बाली प्रवर्द्धन कार्यक्रम अनर्गत बिउमा ५० प्रतिशत, प्रविधि प्रसार तथा प्राविधिक सेवामा ५० प्रतिशत, कृषि यान्त्रिक उपकरण र साना सिंचाईमा ८५ प्रतिशत अनुदान कृषकलाई प्रदान गर्न सक्ने व्यवस्था गरेको छ । नयाँ धानबाली पकेट विकास कार्यक्रम अन्तर्गत रु.१७,१४,२८५।- को लागत अनुमान तयार गरी ७० प्रतिशत पालिकाबाट व्यहोर्ने गरी साना किसान कृषि सहकारी संस्था लिमिटेडसंग मिति २०८०।१।१५ मा सम्झौता गरेको देखिन्छ । सहकारीले धानको बिउ, विषादी, स्प्रे, तौल नाप्ने मेसिन तथा तालिम लगायतका कार्य सम्पन्न गरी रु.१७,१७,९८५।-खर्चको बिल भर्पाई पेश गरेकोमा रु.११,८१,२६४।- भुक्तानी गरेको छ । कार्यविधि बमोजिम ५० प्रतिशत रु.८,५८,९९२।- अनुदान भुक्तानी गर्नुपर्नेमा पालिकाको कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि बमोजिम ७० प्रतिशत रु.११,८१,२६४।- अनुदान भुक्तानी गरेकोले बढि भुक्तानी भएको रु.३,२२,२७२।- नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,२२,२७२ |

७३ **बढि सेशन**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापत रु.७००।- पाउने उल्लेख छ । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी स्रोत व्यक्तिहरूलाई बढि सेशनको रु.५४,९९५।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | हुनुपर्ने कक्षा संख्या | भुक्तानी कक्षा संख्या | बढी संख्या | रकम |
|---|---|---|---|---|---|
| ३६६।०८०।३।१२ | ७ दिने वृहत पोषण विशेष प्याकेज कार्यक्रम | २८ | ४२ | १४ | ८३३० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।१४ को निर्णयबाट रु.४६,६६५।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३३० |

७४ **२० प्रतिशत सहभागिता**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत निम्नानुसार प्रविधि खरिद गरी नयाँ उद्यमीलाई वितरण गरी आपूर्तिकर्तालाई रु.४,७१,३३५।- भुक्तानी गरेको देखिन्छ । पालिकाले २० प्रतिशत रकम उद्यमीबाट उठाई ८० प्रतिशत मात्र भुक्तानी गर्नुपर्नेमा १०० प्रतिशत नै भुक्तानी गरेकोले सो प्रविधिहरू हस्तान्तरण गरी २० प्रतिशत रु.९४,२६७।- सम्बन्धीतबाट उठाई राजस्व दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | आपूर्तिकर्ता | प्रविधिको विवरण | परिमाण | रकम भ्याट समेत | २० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ४४६।०८०।३।२२ | उषा ट्रेडर्स | सिलाई मेसिन | ६ | ८५८७२ | १७१७५ |
| | | कोन्का फ्रिज | १ | ६५००० | १३००० |
| ४५७।०८०।३।२२ | ताज इन्टरनेशनल | सिलाई मेसिन | ३ | १३७४०० | २७४८० |
| ३१३।०८०।२।२८ | उषा ट्रेडर्स | सिलाई मेसिन | १२ | १८३०६० | ३६६१२ |
| जम्मा: | | | | ४७१३३५ | ९४२६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,२६७ |

७५ **शिक्षक दरबन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ७३ वटा विद्यालयमा ८४५ जना शिक्षक दरबन्दी भएकोमा ८४५ जना पदपूर्ति र पदपूर्तिमध्ये २०३ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरूमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ३०८७२ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरू सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ।

७६ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि भौ.नं. ४८६।२०८०।३।२४ बाट १४६००० प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.४१,४४,२९७।- भुक्तानी गरेकोमा विद्यालयहरूलाई १२६५६० प्याकेट हस्तान्तरण गरी १९४४० प्याकेट बाँकी रहेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७७ **बुक कर्नर**

✂........... *(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.६३,४००।- सम्परीक्षण गरिएको ।)*

७८ **छात्रवृत्ति वितरण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरूलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरूको संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरूले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २३९।२०८०।२।२ बाट ७५ वटा विद्यालयहरूका छात्रा तथा दलित छात्र छात्राहरूलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.३९,१८,४००।- विद्यार्थी संख्याको आधारमा रकम निकासा गरी विद्यालयहरूले छात्रवृत्ति वितरण गरेको भर्पाई पेश गरेकोमा निकासा गरेको भन्दा रु.७९,६००।- कम भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि. नं. | विद्यालयको नाम | निकासा रकम | भर्पाई बमोजिम | बढि रकम |
|---|---|---|---|---|
| १ | राजदेवी आवि | २५२०० | २२००० | ३२०० |
| २ | सृजनशिल बौद्ध आवि | १८८०० | १२००० | ६८०० |
| **जम्माः** | | **४४०००** | **३४०००** | **१००००** |

*(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।११ को निर्णयबाट रु.६९,६००।- सम्परीक्षण गरिएको । )*

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

## ७९ सामुदायिक सिकाई केन्द्र सहजकर्ता तलब

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.११ को क्रियाकलाप ६.७ बमोजिम सामुदायिक सिकाइ केन्द्रलाई वार्षिक रु.२ लाख निकासा दिने र सोबाट केन्द्रका समुदाय परिचालकलाई मासिक रु. ८ हजार का दरले १३ महिनाको पारिश्रमिक भुक्तानी दिने व्यवस्था छ । पालिकाले निम्नानुसार सिकाइ केन्द्रका समुदाय परिचालकलाई वैशाखदेखि आषाढसम्म पारिश्रमिक भुक्तानी गर्दा पालिकाको योगदान रु.१,४७,०००।- समेत संघीय सशर्तबाट निकासा भएकोले पालिकाबाट फिर्ता हुनुपर्ने रु.

| सि. नं . | सिकाइ केन्द्रको नाम | नगरपालिका आन्तरिक | संघीय शसर्त | फिर्ता हुनुपर्ने |
|---|---|---|---|---|
| १ | चौघडा सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| २ | परिवर्तन सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| ३ | आधुनिका महिला जागरण सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| ४ | चुरियामाई सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| ५ | दोभानचौर सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| ६ | एकिकृत सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| ७ | प्रगतिशिल सामुदायिक सिकाइ केन्द्र | २१००० | २४००० | २१००० |
| | **जम्मा:** | **१४७०००** | **१६८०००** | **१४७०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४७,००० |

## ८० अनुगमन भत्ता

***✂………. (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।९ को निर्णयबाट रु.१,०२,०००।- सम्परीक्षण गरिएको ।)***

## ८१ बढि ग्रेड

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरूको लागि विद्यालयहरूबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै शिक्षा नियमावली, २०५९ को नियम १०२ मा निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर भएमा सो तलबमा १ वृद्धि थप गरिने तथा साविक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको शुरु तलब भन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धि समेत दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयका शिक्षकहरूलाई बढि ग्रेड रु.१,८५,६२७।- भुक्तानी गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| सि. नं. | विद्यालयको नाम | शिक्षकको नाम | बढुवा मिति | साविकमा पाउने तलब | बढुवा पश्चात पाउने तलब | ग्रेड रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | चुरियामाई मावि | प्राशि द्वि भिमसेन कुमार तिमल्सिना ७ ग्रेड पाइरहेको | २०७९।४।२ | ४२८३६ | ४३८६९ | २०६७५ | (१४५६*१२*११०%+१४५६ क.सं. कोष समेत) |
| २ | निर्मल मावि | राममणी बर्तौला | २०७९।१२।८ | ४३९९४ | ४३६८९ | १४४१५ | २ ग्रेड पाउनेमा ३ ग्रेड(फाल्गुणमा ८ ग्रेड समेत ४ महिना) |
| ३ | निर्मल मावि | श्याम सुन्दर अर्याल | " | " | " | १४४१५ | " |
| ४ | त्रिभुवन मावि | केशव थापा | " | " | " | १४४१५ | "(चैत्रमा ८ ग्रेड समेत ४ महिना) |
| ५ | ज्ञानदा मावि | रमेश प्रसाद सुवेदी | २०७९। | ५५३३७ | ४८७३७ | १७८७५ | ६ ग्रेड पाउनेमा ८ ग्रेड(५ महिना) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १०।९ | | | | |
| ६ | ज्ञानदा मावि | रमेश प्रसाद सुवेदी | | | | ६१००० | जेष्ठ रु.१३१८११ |
| ७ | ज्ञानदा मावि | रन्जु सुवेदी | | | | ४२८३२ | फाल्गुण रु.८३८३८ |
| **जम्माः** | | | | | | **१८५६२७** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,६२७ |

## ८२ बढि निकासा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरूको लागि विद्यालयहरूबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरूको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भई आउने शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षकहरूको तलब भत्ता निकासा गर्दा अवकास भएको र सरुवा भई आएका र गएकालाई शिक्षकको रमना मिति अनुसार निकसा गर्नुपर्नेमा बढि रु.२,३७,३४८।- निकासा गरेकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | राजिनामा/अवकास | निकासा गर्नुपर्ने | निकासा गरेको | बढि निकासा |
|---|---|---|---|---|---|---|
| १ | भुटनदेवि मा वि | टेक प्रसाद प्याकुरेल | २०८०।३।११ | १५२३० | २१९८६ | ६७५६ |
| २ | लक्ष्मी आ वि | निश्चल चौलागाई | २०८०।३।१ | ० | १२२२४ | १२२२४ |
| ३ | अरनिको आ वि | दिलिप गौतम | २०७९।११।२ | १२२५ | ३६७३० | ३५५०५ |
| ४ | चुरियामाई मा वि | माधव प्रसाद खतिवडा | २०७९।१०।१५ | १७१४० | ३६७३० | १९५९० |
| ६ | कालिका आ वि | कृष्ण बहादुर थापा | २०७९।८।१४ | २२०९८ | ५०९९३ | २८८९५ |
| ७ | कालिका आ वि | केशव प्रसाद मैनाली | २०७९।७।१६ | २५३९८ | ५०७९३ | २५३९५ |
| ८ | जनज्योति मा वि | गोमा बिडारी | २०७९।७।१७ | २७०९० | ५०७९३ | २३७०३ |
| ९ | अरनिको मा वि | विजय थोकर | २०८०।३।४ | ३६५४ | १२२२४ | ८५७० |
| १० | अरनिको मा वि | दिनेश कुमार सापकोटा | २०८०।३।४ | ३६५४ | १२२२४ | ८५७० |
| ११ | आकाशधारा पानिसारा प्रा वि | सिता राई | २०८०।३।७ | ६९८२ | ३४९०२ | २७९२० |
| १२ | भुटनदेवी मा वि | ज्ञानु प्रसाद पहारी | २०८०।२।२१ | ३३८२२ | ४२३२८ | ८५०५ |
| १३ | राजदेवी मा वि | कन्चन परियार | २०८०।१।८ | ४७८४ | २०५०० | १५७१५ |
| १४ | बंशगोपाल मा वि | विष्णु प्रसाद दुलाल | २०८०।१।२२ | ३७३४१ | ५३३४१ | १६००० |
| **जम्माः** | | | | **२०६९८८** | **४४६७८७** | **२३७३४८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३७,३४८ |

## ८३ बढी भुक्तानी

***✂........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१।१।१४ को निर्णयबाट रु.३७,९३६।- सम्परीक्षण गरिएको ।)***

## ८४ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ६ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ७५ वटा सामुदायिक विद्यालयको खातामा रु.३,७८,४२,५५४।- निकासा गरेको

छ । दिवा खाजा त्रैमासिक रुपमा विद्यार्थीहरूको उपस्थिति हाजिरी पुस्तिकाका आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

### ८५ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समाबेश गरिने र कुल करयोग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नुपर्ने ब्यबस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरूलाई पारिश्रमिक भुक्तानी गर्दा रु.१६,६१४।- पारिश्रमिक कर कट्टि नगरेकोले सो असुल गर्नुपर्ने रु.

| सि.नं. | पद र नाम | कुल आय | कर योग्य आय | कट्टा गर्नुपर्ने कर | कट्टा गरेको कर | दाखिला गर्नुपर्ने कर |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ कविराज रेखा गुप्ता | ९१७१४९ | ६१९५८५ | ७९५८ | ६१४८ | १८१० |
| २ | वरिष्ठ कविराज लक्ष्मी ना भगत | ९३३८०४ | ६३३४९० | ९३४९ | ६१७५ | ३१७४ |
| ३ | वैद्य चन्द्रशेखर ठाकुर | ८६४१९५ | ६४८०३९ | १०८०० | ६३९५ | ४४०५ |
| ४ | वैद्य भुजेन्द्र कुमार झा | ८८४८७० | ६४१२२० | १०१२० | ७२३० | २८९० |
| ५ | निर्मला कुमारी अधिकारी | ८१८०४० | ६५१७४६ | ११९७५ | ६८४० | ४३३५ |
| | | | **जम्माः** | **४९४०२** | **३२७८८** | **१६६१४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६१४ |

### ८६ कर कट्टी

आयकर ऐन, २०५८ को दफा ८८ मा पटके आम्दानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले बालबोध माविलाई अतिरिक्त कक्षा तथा कोचिङ्ग वापत रु.९०,०००।- पारिश्रमिक भुक्तानी गर्दा १५ प्रतिशत कर रु.१३,५००।- कट्टा गर्नुपर्नेमा रु.९००।- कट्टा गरेकोले नपुग रु.१२,६००।-असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,६०० |

### ८७ खानेपानी महसुल

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना तथा कार्यक्रम बनाउँदा आर्थिक विकास, दिगो विकास, उत्पादनमुलक, रोजगारी श्रृजना हुने, स्रोत साधन र शीपको उच्चतम् सदुपयोग हुने र दीर्घकालिन प्रतिफल उपलब्धि हुने खालका योजना तथा कार्यक्रम बनाई लागु गर्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले नगरकार्यपालिकाको मिति २०७९।४।१६ को निर्णय अनुसार खानेपानी व्यबस्थापन बोर्डसंगको मिति २०७९।४।२३ को सम्झौताको बुँदा नं ३ अनुसारको खानेपानी ग्राहकको विलिङ्ग रकमको विबरण संलग्न गरी खानेपानी व्यबस्थापन बोर्डको सेवा क्षेत्र भित्र रहेका ग्रार्हस्थ संख्या २२९६६, सार्वजनिक विद्यालय ३३, सार्वजनिक क्याम्पस ८ र सार्वजनिक स्वास्थ्य केन्द्र ५ गरी कुल २३०१२ वटा ग्राहक संख्याको १० हजार लिटर सम्मको पानी खपत गरेबापतको न्यूनतम् खानेपानी महशुल रकम अनुदान स्वरुप भाद्र महिना देखि आषाढ महिनासम्मको रु २,११,३५,११५।खानेपानी व्यबस्थापन बोर्डलाई भुक्तानी गरेको देखियो। पालिकाले कार्यक्रम निर्धारणमा १९ वटा वडाहरूमध्येमा खानेपानीको समस्या तथा पुर्वाधारको दिगो विकास नभएको वडाहरूको छनौट गरी दिर्घकालीन योजनाको निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो नगरी अबण्डा बजेटबाट शहरी क्षेत्र केन्द्रित वितरणमुखी कार्यक्रममा खर्च गरेको छ ।यस प्रकारको खर्च गर्दै जादा आगामी दिनमा खर्चको आकार बढ्दै जाने हुदा पूंजिगत खर्चमा दवाव पर्ने जोखिम छ ।यस तर्फ पालिकाले पूनर्बिचार गर्नुपर्दछ ।

### ८८ छात्रबृत्ति रकम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यबस्था उल्लेख छ। निम्न बमोजिमको विद्यालयहरूलाई विद्यार्थिको नाममा निकासा भएको छात्रबृत्ति रकमको सम्बन्धितले बुझिलिएको भर्पाई वा विद्यालयले उक्त विद्यार्थीले तिर्नु पर्ने रकम प्राप्त भएको भन्ने प्रमाण कागजात संलग्न भएको देखिएन। यस सम्बन्धमा पालिकाले अनुगमन गरेको देखिएन। सम्बन्धित विद्यार्थीलाई छात्रबृत्ति रकम उपलब्ध भएको आश्वस्तताका लागि आवश्यक प्रमाण कागज संलग्न गरेर मात्र भुक्तानी गर्नु पर्दछ।

| भौचर नं र मिति | विद्यालयको नाम | विद्यार्थी संख्या | छात्रबृत्ति रकम |
|---|---|---|---|
| ३२९६, ३।२४ | बाल उज्वल मा वि १४५५००। ७४ जना | १६३ जना | ३३१९८० |
| | महेन्द्र किरण मा वि १८६४८०। ८९ जना | | |
| ३१७९, ३।२२ | चन्द्रोदय मा वि २००००। | | ४०००० |
| | भुटनदेवी मा वि १००००। | | |
| | मकवानपुर बहुमुखी क्याम्पस १००००। | | |
| ३०९७, ३।२१ | जनप्रिय मा वि ११०००। १ जना | ९ जना | १८३४०० |
| | भुटनदेवी मा वि १००००। १ जना | | |
| | मकवानपुर बहुमुखी क्याम्पस ६२४००। ६ जना | | |
| | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिस्ठान १०००००। १ जना | | |
| ३०१८, ३।१३ | निर्मला बहुमुखी क्याम्पस १६५००। १ जना | ५ जना | ९६५०० |
| | मकवानपुर बहुमुखी क्याम्पस ८००००। ४ जना | | |
| २७५३, ३।१३ | जनज्योती मा वि १५०००। १ जना | १७ जना | २५४३०० |
| | जनप्रिय मा वि ९६०००। ४ जना | | |
| | मकवानपुर बहुमुखी क्याम्पस ९९८००। ९ जना | | |
| | हेटौडा क्याम्पस ४३५००। ३ जना | | |
| २२६६, २।१० | चन्द्रोदय मा वि २२०००। २ जना | १६ जना | २३४००० |
| | जनजागृती मा वि ३५०००। २ जना | | |
| | जनप्रिय मा वि २००००। १ जना | | |
| | त्रिभुवन मा वि १००००। १ जना | | |
| | मकवानपुर बहुमुखी क्याम्पस १४१०००। १० जना | | |
| | हेटौडा क्याम्पस ६०००। १ जना | | |
| २२६३, २।९ | प्रगति मा वि १२ जनालाई रु १० हजारका दरमा | १२ जना | १२०००० |
| २२१३, २।७ | जनज्योती मा वि ६०००। १ जना | | ३२७२०० |
| | जनप्रिय मा वि १५०००। | | |
| | प्रगति मा वि ८६०००। | | |
| | मकवानपुर बहुमुखी क्याम्पस १४९०००। | | |
| | सिदार्थ मा वि २५०००। | | |
| | हेटौडा मा वि ४६२००। | | |
| **जम्मा** | | | **१५८७३८०** |

## ८९ पर्व उत्सव

आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र -औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख ।पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य विल भर्पाईका आधारमा मात्र खर्च भएको कार्यक्रम संचालन खर्च भुक्तानी गरेको छ। सरकारी रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यानमा राखी उपलब्धी विनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ। यसका केही उदाहरण निम्न अनुसार रहेको छ।

| भौचर नं र मिति | विबरण | खर्च रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३३३३, ३।२४ | सोनाम ल्होसार कार्यक्रम, नेपाल तामाङ घेदुङ संघलाई भुक्तानी | १०००००। |
| ३००८, ३।२० | हेटौडा राष्ट्रिय महोत्सव, साहित्य संगम मकवानपुरलाई भक्तानी | २०००००। |
| २२१६, २।७ | तामाङ संस्कृति महोत्सव नेपाल तामाङ घेदुङ संघलाई भुक्तानी | ५०००००। |
| २१०५, २।२७ | तिज विशेष कार्यक्रम महिला जागरण समुहलाई भुक्तानी | १५००००। |
| १९८६, १।१२ | सोनाम ल्होसार मुल समाहरोह समिति | १०००००। |
| १६८२, १२।९ | छट पुजा व्यबस्थापन खर्च संयुक्त मधेशी सेवा समाजलाई | ५०००००। |
| १२२९, १०।१६ | योग दिवश कार्यक्रम पतंजली योग जिल्ला समितिलाई | ५००००। |

## ९० वितरणमुखी कार्यक्रमः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिताउंनु पर्ने उल्लेख छ।पालिकाले विभिन्न प्रकारका कार्यक्रमहरू संचालन गरेबापतको भुक्तानीमा वितरणमुखी प्रकृयाका कार्यक्रमहरू संचालन भएको देखियो ।क्षमता विकास तथा लक्षियत कार्यक्रमहरू बजेट तथा कार्यक्रमका लक्ष्य विपरित वितरणमुखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन।तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूंजिबृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौचर नं र मिति | कार्यक्रम | रकम |
|---|---|---|
| २३३६, २।१६ | १६३ जना पत्रकारको प्रति व्यक्ती १२ लाख बिमांकको दुर्घटना विमा रकम भुक्तानी | २९३४२० |
| १६२१, १२।१ | नेपाल पत्रकार महासंघको बार्षिक साधारण सभा खर्च भुक्तानी | ७४९९८ |
| १३३४, १०।२७ | १६४ जना पत्रकारलाई ल्यापटप व्याग खरिद गरी वितरण | ३६८९७२ |
| ३०२४, ३।२० | समता महिला विकास बचत तथा ऋण सहकारी संस्था लि को सामान खरिदको बिल भुक्तानी | ९९९१० |
| २९९३, ।३।२० | वडा नं १ मा जे ना लाई झुल हर्लिक्स र लट्ठी वितरण | १४३१२९ |
| २८३८, ।३।१६ | टोल विकास समितिलाई व्यायम सामग्री वितरण | २२२७२३ |
| १४३१, ११।१४ | अस्तित्व व्याण्डलाई साउण्ड सिस्टम खरिदको बिल भुक्तानी | २००००० |
| १२७६, १०।२२ | टोल विकास संस्थाको सामाग्री खरिदको बील भुक्तानी | १३०६४५ |
| ३२४९, ३।२३ | कृषकलाई रबर म्याट लगायतका सामान वितरण | १९९१७१ |
| २७३७, ३।१३ | काउम्याट खरिद गरी वितरण | ९८७७६१ |

## ९१ नाफामुलक संस्थालाई भुक्तानी

सरकारी बजेट शिर्षकबाट टोल विकास संस्थाको खर्च भुक्तानी गर्नमिल्ने स्पष्ट कानुनी आधारको व्यबस्था रहेको देखिदैन।पालिकाले आफ्नो क्षेत्रभित्रका ३७० वटा टोल विकास संस्था रहेकोमा वडा नं १३ को र वडा नं ४ को टोल विकास संस्थाको बार्षिक साधारण सभा तथा अधिवेशन खर्च भौ.नं. १७८५ र ८९२ बाट रु.३,१७,०००।- भुक्तानी गरेको छ।पालिकाले आफ्नो स्वामित्व भन्दा बाहिरको नाफामूलक संस्थाको खर्च भूक्तानी दिन मिल्ने देखिदैन।यस प्रकारको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,१७,००० |

## ९२ टुक्रे कार्यक्रम

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले दिर्घकालीन प्रतिफल दिने योजना तथा कार्यक्रमको निर्धारण गरी कार्यान्वन गर्नु पर्ने व्यबस्था उल्लेख छ।आषाढ महिनाको भौचर परीक्षणमा पालिकाको आन्तरिक चालु तर्फको कार्यक्रम कार्यान्वयनमा अधिकांस कार्यक्रम टुक्रे रुपमा विभिन्न स साना कार्यक्रमहरू संचालन भएको देखियो।जुन कार्यक्रम सम्पादनको स्तर, प्रभावकारीता र उल्लेखित कार्यक्रमको

उपलब्धि मापन गर्ने मापदण्ड तथार गरेको छैन। तसर्थ सम्पादित कार्यक्रमले लाभग्राहीको जिवनस्तरमा प्रत्यक्ष रुपमा सहयोग पुग्ने गरी कार्यक्रम संचालनमा ध्यान दिनु पर्दछ। साना कार्यक्रमका केही उदाहरणहरू निम्न बमोजिम रहेको छ।

| भौचर नं र मिति | कार्यक्रम | भुक्तानी | खर्च रकम |
|---|---|---|---|
| ३०३२, ३।२० | डल कुशन बनाउने तालिम | डाङडुङे टोल विकास समिति | ६८००००। |
| ३००४, ३।२० | जुत्ता बनाउने तालिम | आश्रय नेपाल | ९००००। |
| २९९०, ३।२० | टनेल खेती तालिम | कृयाशील कृषि सहकारी संस्था | ४३५००। |
| २७६३, ३।१३ | डल कुशन बनाउने तालिम | बाल उज्जल टोल विकास संस्था | ७०६५०। |
| २६८०, ३।१० | कृष्टलको गहना बनाउने तालिम | शान्ती टोल विकास संस्था | ८००००। |
| २५०४, २।३० | अचार बनाउने तालिम | लालित्य सेवा प्रतिस्ठान | ५००००। |
| १४८१, ११।१९ | रक्षाबन्धन बनाउने तालिम | विकासका लागि सहकार्य नेपाल | ५००००। |

## ९३ कृषि पशु कार्यक्रम

पालिकाले कृषि तथा पशु कार्यक्रमा यस बर्ष रु ६ करोड ७६ लाख ९९ हजार कुल अनुदान खर्च गरेकोमा कृषि, पशु,टनेल निर्माण तथा कृषि वजार प्रबर्द्धन, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिद पशुपालक कृषि अनुदानमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट सही सदुपयोग भए नभएको तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। पालिकाले अनुदान कार्यको सम्झौतामा उल्लेखित भएको लागत साझेदारीको सट्टा बील रकमलाई मात्र आधारमानी अनुदान प्रतिशत भुक्तानी गरेको देखियो। कृषकको प्रत्यक्ष लागत साझेदारी नदेखिएकोले अनुदान कार्यक्रम प्रभावकारी र मितव्ययी छ भन्न सकिने आधार भएन। साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको देखियो ।तसर्थ पालिकाले संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनु पर्दछ। अनुदान कार्यका केही उदाहरण यस प्रकार रहेको छ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|
| युवा लक्षित पशुपालक कृषक अनुदान कार्यक्रम | १९८७५३० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| महिला पशु पालन अनुदान कार्यक्रम | ६००००० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| पाडी र बंगुर प्रबर्द्धन कार्यक्रम | १००५००० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| एकल महिला गरिव असहाय पशुपालन सहयोग | ६५०००० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| कृषिमा महिला प्रोत्साहन कार्यक्रम | ८९७००० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| युवा लक्षित कृषि विकास कार्यक्रम | १२४९३१० | ३० प्रतिशत कृषक साझेदारी उल्लेख ( पालिका कार्यक्रम ) |
| कृषि उपज थोक बजारकेन्द्र | २३७९००४४ | कृषक साझेदारी उल्लेख नभएको ( पालिका कार्यक्रम ) |

## ९४ दोहोरो भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. ९ को उपदफा २ बमोजिम कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति भएको निर्वाचित वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाबाट नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ। पालिकाले निम्नानुसार निवृत्तभरण पाइरहेका लाभग्राहीहरूलाई समेत सामाजिक सुरक्षा भत्ता वितरण भएको पाइएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| वडा नं. | परिपत्र नं. | लाभग्राहीको नाम | निकासा रकम |
|---|---|---|---|
| १ | २०१८१०१५००६४३ | मैया सुवेदी | ३१९२० |
| १ | २०१८१२१०००२३६ | शान्ति तामाङ | ३१९२० |
| | | जम्मा | ६३८४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,८४० |

## ९५ निस्कृय खाता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष १९ वटै वडाको चारवटै त्रैमासिकको भत्ता बैङ्क मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ९६ मृत्यु भएका लाभग्राहीलाई भत्ता वितरण

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार मृत्य भएका लाभग्राही नाममा समेत भत्ता वितरण भएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र. सं. | परिचय नं. | नाम | लगत कट्टा लागु मिति | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा | बढी निकासा भएको त्रैमासिक |
|---|---|---|---|---|---|---|---|
| १ | २००००४०९०१३६३ | जय बहादुर प्रजा | ७/२२/२०७९ | १२००० | २९३४ | ९०६६ | दोश्रो |
| २ | २००००१०१०८६०१ | विष्णु प्रसाद उपाध्याय | ८/३/२०७९ | ४८००० | १६४०० | ३१६०० | दोश्रो, तेश्रो, चौथो |
| ३ | २००३०८०४००७६७ | फुल माया तामाङ्ग | ९/३०/२०७९ | १२००० | ० | १२००० | तेश्रो |
| ४ | १९९९०६०७००४२६ | टंक प्रसाद घिमिरे | २०८०-०२-३० | १२००० | ८००० | ४००० | चौथो |
| ५ | १९९४०४२०००५४५ | कमला माई धिमाल | १०/६/२०७९ | १२००० | ८०० | ११२०० | तेश्रो |
| ६ | २००५०१०५०२८६९ | सावित्री देवी माया बानिया | ९/१९/२०७९ | ३६००० | १०५३४ | २५४६६ | दोश्रो, तेश्रो, चौथो |
| ७ | २००००४२७००४७४ | विष्णु माया श्रेष्ठ | ३/५/२०८० | १२००० | ८१३४ | ३८६६ | चौथो |
| ८ | २००२०१०१०४२९१ | लक्ष्मी माया चौलागाई | १/२९/२०८० | १२००० | ४००० | ८००० | चौथो |
| ९ | १९८७०१०१०१८८६ | भेष नाथ ढुंगाना | ५/२८/२०७९ | १२००० | ७७३४ | ४२६६ | प्रथम |
| १० | २००३१२०१०३९७५ | कुष्ण बहादुर चालिसे | १२/२३/२०७९ | १२००० | ११०६७ | ९३३ | तेश्रो |
| ११ | १९९४०१०१०५०३२ | टिका प्रसाद हुमागाईं | १२/२१/२०७९ | १२००० | १०८०० | १२०० | तेश्रो |
| १२ | २००३०१०१२२२५९ | कमल बहादुर लामा | २/२६/२०८० | १२००० | ७४६७ | ४५३३ | चौथो |
| १३ | २००००१०१०८२३९ | रमा देवी मानन्धर | ३/२०/२०८० | १२००० | १०६६७ | १३३३ | चौथो |
| १४ | २००००८१९००२८२ | राममाया सुवेदी | १०/२५/२०७९ | २४००० | ३३३४ | २०६६६ | तेश्रो, चौथो |
| १५ | २०१६१११०००२५७ | सुभद्रा धमला | ३/१०/२०८० | ७९८० | ६२४७ | १७३३ | चौथो |
| १६ | १९८९०१०१०२६४१ | भिम बहादुर भोम्जन | १२/२२/२०७९ | १२००० | १०९३४ | १०६६ | तेश्रो |
| १७ | १९९७०५०६००४४४ | विष्णु माया थापा | २/२१/२०८० | १२००० | ६८०० | ५२०० | चौथो |
| १८ | २००४०३०६०१६७८ | पदम कुमारी राई | ३/१०/२०८० | १२००० | ९३३४ | २६६६ | चौथो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | २००८०१०११३४५५ | जानुका गौतम | ४/२७/२०७९ | १२००० | ३६०० | ८४०० | प्रथम |
| २० | २०१६०९०८०००३२१ | काली देवी संग्राती | ५/२५/२०७९ | १५९६० | ४८८७ | ११०७३ | प्रथम, दोश्रो |
| २१ | २००५१०१४०३३९९ | जगदिस प्रसाद अग्रवाल | ११/१३/२०७९ | १२००० | ५७३४ | ६२६६ | तेश्रो |
| २२ | १९९५०४२८०००१२८ | श्री लोक वहादुर सुनार | ६/६/२०७९ | २४००० | ८८०० | १५२०० | प्रथम, दोश्रो |
| २३ | २०२२०८१५०२००९ | विजुला सुचिकार | १०/१२/२०७९ | ७९८० | १०६४ | ६९१६ | तेश्रो |
| | | | | | जम्मा | १९६६४९ | |

***(प्रारम्भिक प्रतिवेदन उपर पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.७,१०,३९३ ।- सम्परीक्षण गरिएको । )***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९६,६४९ |

## ९७ दोहोरो निकासा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै त्रैमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| ना. नं. | परिचय पत्र नं. | वडा नं. | लाभग्राहीक नाम | निकासा रकम | बढी निकासा |
|---|---|---|---|---|---|
| ५९३ | २०१००१०७०७०२१ | १८ | Suku Maya Jimba | ३६००० | ३६००० |
| | २०१००१०७०६९७३ | १७ | Suku Maya Jimba | ३६००० | |
| १२८१ | २००९०७०४००८५७ | १९ | Chandra Kumari Muktan | १२००० | ८००० |
| | २००९०७०४०२०६९ | १९ | Chandra Kumari Muktan | ८००० | |
| २६६६ | २०१४०६२०००५८२ | १ | Ram Devi Manandher | ३१९२० | ३१९२० |
| | २०१४१२३१०८७२१ | २ | Ram Devi Manandhar | ३१९२० | |
| ३७२५५१७ | २०२६०३०६०१०३६ | ५ | Gita Nepali | १५९६० | ७९८० |
| | २०२६०३०६०११७६ | ५ | Gita Nepali | ७९८० | |
| ४८३२१३२ | २०१८०६२१००२९२ | १५ | Makhamali Bishwakarma | २३९४० | २३९४० |
| | २०१८०६२१००६१५ | १५ | Makhamali Bishwakarma | २३९४० | |
| ५८८ | २००७०५१७०१३५२ | ४ | Krishna Maya Shrestha | ४८००० | ४८००० |
| | २००७०५१७०२३६६ | ५ | Krishna Maya Shrestha | ४८००० | |
| ७९६७६८ | २००९१२२७०१८२३ | १ | Bishnu Giri | ८००० | ८००० |
| | २००९१२२७०१८३१ | १ | Bishnu Giri | ८००० | |
| | | | | **जम्मा** | **१६३८४०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,८४० |

## ९८ अन्य निकायको खर्च

नेपाल सरकार मातहतका सवै निकायहरूको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ साथै रकम नपुग भएमा तालुक निकायसँग नै माग गर्नुपर्दछ । तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको हुन्न सक्ने भएकोले गृह मन्त्रालयको

स्वीकृति बेगर सुरक्षा निकायसँग सम्बन्धित खर्चको बिल भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| भौचर नं र मिति | कार्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १०००।२०८०।२।१० | जिल्ला प्रहरी कार्यालय | भवन निर्माण | ८०४३१८ |
| ८४३।२०८०।१।१९ | जिल्ला प्रहरी कार्यालय | खेल मैदान | ५००००० |
| १५३१।२०८०।३।२१ | जिल्ला प्रहरी कार्यालय | भवन निर्माण | ३५३५४६ |
| १५३७।२०७९।११।१६ | जिल्ला प्रशासन कार्यालय हेटौंडा | जेनेरेटर खरिद | १०००००० |
| जम्मा | | | २६५७८६४ |

| | |
|---|---|
| अनियमित भएको | २६,५७,८३४ |

९९ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा गोरेटो निर्माण, नाला सरसफाई, वाल निर्माण, चौतारा मर्मत, कुलो निर्माण तथा मर्मत, खहरे खोला नियन्त्रण पार्क निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ९७ जनालाई औसत ६९ दिनले ६६४६ दिन रोजगारी उपलव्ध गराई रु.४२,०२,००४।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

१०० **दोहोरो भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयमा ३ दिने योग संचालन तथा बिद्यालय सचेतना अभियान कार्यक्रम संचालन गरी प्रशिक्षक तथा अन्य कर्मचारीलाई एकै दिनमा दोहोरो हुने गरी भौ.नं. ४०६।२०८०।३।१८ बाट रु.४६,६००।- र भौ.नं. ३९२।२०८०।३।१७ बाट रु.२,४२,८२०।- भुक्तानी दिएकोमा रु.१६,३२०।- दोहोरो भुक्तानी भएको असुल गर्नुपर्ने रु.

| सि. नं | बिद्यालयको नाम | कार्यक्रम मिती | दोहोरो मिती | बढी रकम कर बाहेक |
|---|---|---|---|---|
| १ | ज्योती मा. वी | २०७९।९।३, ४ , ५ | २०७९।९।५ | २०४० |
| | वालबोध मा. वी | २०७९।९।५, ६ , ७ | | |
| २ | वालबोध मा. वी | २०७९।९।५, ६ , ७ | २०७९।९।६, ७ | ४०८० |
| | जनप्रिय मा. वी | २०७९।९।६, ७ , ८ | | |
| ३ | जनप्रिय मा. वी | २०७९।९।६, ७ , ८ | २०७९।९।८ | २०४० |
| | चुरियामाई मा. वी | २०७९।९।८, ११ , १२ | | |
| ४ | चुरियामाई मा. वी | २०७९।९।८, ११ , १२ | २०७९।९।१२ | २०४० |
| | बुद्ध मा. वी | २०७९।९।१२, १३ , १४ | | |
| ५ | जनज्योती मा. वी | २०७९।११।२, ३ , ४ | २०७९।११।२, ३ , ४ | ६१२० |
| | महेन्द्र मा. वी | २०७९।११।२, ३ , ४ | | |
| जम्मा | | | | १६३२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३२० |

## सम्परीक्षणबाट कायम बेरुजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सल्लाहकार - बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को पहिलो संशोधनमा यस प्रदेशका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउँने व्यबस्था गरेको देखिंदैन ।त्यसै गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(८ ) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ।पालिकाले सो विपरित उपमहानगर पालिकाको प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र अधिकार प्राप्त अधिकारीलाई आवश्यक सल्लाह र सुझाव प्रदान गर्ने कार्य उल्लेख गरी निम्न प्रकारका सल्लाहकारहरू नियुक्ती गरी रु ७,३३,८१५।पारिश्रमिक भुक्तानी भएको देखियो।ऐन तथा नियममा नभएको सुविधा सम्बन्धमा भुक्तानी भएको खर्च रकम नियम सम्मत देखिएन।
<table>
<tr><th>नाम</th><th>पद</th><th>सम्झौता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>डा कृष्ण प्रसाद धिताल</td><td>विज्ञ सल्लाहकार</td><td>२०७९।१०।३</td><td>३४०७२२</td></tr>
<tr><td>ईश्वर राज ढकाल</td><td>कानूनी सल्लाहकार</td><td>२०७९।९।१७</td><td>३४९२२५</td></tr>
<tr><td>राजन प्रसाद ढकाल</td><td>प्रेष सल्लाहकार</td><td>गत आव को भुक्तानी</td><td>४३८३८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७३३८१५</td></tr>
</table>
</td><td>०.००</td></tr>
<tr><td>२</td><td>घटीमा सम्झौता गरेको - पालिकाले सवारी कर राजस्व संकलन गर्न बढाबढको बोलपत्र आह्वान गरेकोमा पहिलो पटक २०७९।२।३० मा बोलपत्र पर्न नआएकोले क्रमशः २०७९।४।३, २०७९।४।३२, २०७९।५।३०, २०७९।७।६, २०७९।७।२२ मा सूचना प्रकाशन गरेकोमा नपरी सातौं पटक सुरु अनुमानित रकम मूल्य अभिवृद्धि कर बाहेक रू.३,८८,१७,५६०।- बाट दोश्रो पटक रू.२,७३,४७,९६७।- र तेश्रो पटक रू.२,१३,३२,०००।- अनुमान गरी मिति २०७९।८।१ मा सूचना प्रकाशित गरेकोमा दुईमध्ये बढी दररेटवाला मित्र निर्माण सेवा (६१३४०११५४) ले वार्षिक मूल्य अभिवृद्धि कर सहित रू.२,६५,५५,०००।- कर उठान सहमति सहित विड गरेकोमा उक्त फर्मलाई नै पालिकाले मिति २०७९।९।२९ मा सम्झौता गरेको छ । पालिकाले कर संकलन गर्न प्रकाशित गरेको बोलपत्रको सूचनामा आर्थिक वर्ष २०७९।८० उल्लेख छ । पटकपटक सूचना प्रकाशित गर्दा पनि कसैको बोलपत्र नपरेको कारण तेश्रो पटक संकलन गर्नुपर्ने रकम नै घटाई पुनः सूचना निकालेको सुचनामा मू अ कर बाहेक रु २१३३२०००।०० राखेको तर शर्त नं १५ मा असान्दर्धिक शर्त "प्रस्तावकले पेश गरेको न्यूनतम कबोल अङ्कलाई दिन गणनाको हिसावले दामासाहीको हिसावले हुन आउने रकम घटाई संझौता गरिने उल्लेख गरेको छ"।पालिकाले एकातिर सुरु अनुमानित रकम मूल्य अभिवृद्धि कर बाहेक रू.३,८८,१७,५६०।- बाट घटाई तेश्रो पटक रू.२,१३,३२,०००।- अनुमान गर्ने अर्को तिर पालिकाले बिडरले विड गरेको रकमलाई ३६५ ले भाग गरी १८२ दिन घटाई बाँकी १८३ दिन को लागि मात्र कर संकलक मित्र निर्माण सेवा(६१२४०११२४) संग सम्झौता गर्दा पालिकालाई रू.१,१७,१७,८१०।८० राजस्व तथा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर रू.१५,२३,३१५।- समेत रू.१,३२,४१,१२५।- हानी नोक्सानी हुने गरी सम्झौता गरेकोले पालिकासमेतलाई समेत जिम्मेवार बनाई यकिन गर्नु पर्दछ।<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार माथिको मूल्य अभिवृद्धि कर रू.१५,२३,३१५।- मा ऐन अनुसार लाग्ने शुल्क, जरिवाना तथा व्याज समेत हिसाब गरी संघीय राजस्वमा पेस गरेको प्रमाण संलग्न गरी राख्नुपर्दछ ।</td><td>०.००</td></tr>
<tr><td>३</td><td>प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१) मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त</td><td>०.००</td></tr>
</table>

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| | तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ।पालिकाले सम्पूर्ण स्थाथी कर्मचारीहरू र करार कर्मचारीहरूलाई कार्यविधि नबनाई मिति २०७५।३।२९ को नगरसभाको निर्णय नं ५ बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई(सहसचिव स्तर) रु २५०००।, (उप सचिव स्तर) रु १५०००।, सहायक प्रमुख प्रशासकीय अधिकृत रु ४०००।, प्रबन्ध सातौं तह रु ४०००।,शाखा अधिकृत रु २५००।, वरिष्ट सहायक रु २०००।,चौथो तह रु १५००। र सहयोगी स्तर रु १०००। निर्धारण गरी प्रोत्साहन भत्ता स्वरुप स्थानीय भत्ता यस वर्ष रु १ करोड १६ लाख ३३ हजार खर्च भुक्तानी गरेको छ। प्रोत्साहन भत्ता अथवा स्थानीय भत्ता वितरण सम्बन्धि कार्यविधि तयार नगरी मासिक रुपमा वितरण भएको खर्च रकम नियम सम्मत नभएको र यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता,खर्चको आकार आदिलाई मध्येनजर गर्दै कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकहरूको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नु पर्दछ । | |
| ४ | **नगर सभा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०७९।३।१० र २२ गते नगरसभा संञ्चालन गरी भौ.नं. ११६।२०७९।५।२ बाट रु.६,६५,८०१।- भुक्तानी गरेको छ । खर्चको फाँटवारी परीक्षण गर्दा दुई दिनको खाना खर्च बापत रोयल प्यालेस हेटौडा प्रा.ली.लाई (१० गते २०० जना र २२ गते १५० जना) रु.२,४६,४५३।- भुक्तानी गरेकोमा पुनः orchid resort pvt. Ltd लाई समेत खाना खर्च बापत २०० जनाको रु.२,३१,४२४।- भुक्तानी खर्च दिन पाउने पुष्टयाई प्रमाण पेश गर्नुपर्दछ । | ०.०० |
| ५ | **अनुगमन भत्ता** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरूले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । पालिकाले निम्नानुसार तालिम तथा कार्यक्रम संचालन गरी अनुगमन गरेको भनी रु.१,०००।- का दरले रु.१,०२,०००।- भत्ता भुक्तानी गरेकोले ऐन तथा नियम बिपरित देखिएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | ०.०० |

| भौ.नं. र मिति | तालिम तथा कार्यक्रमको नाम | कर्मचारी संख्या | रकम(कर पछि) |
|---|---|---|---|
| ३२५।०८०।२।३२ | रोजगार कार्यक्रम अन्तर्गत संचालित योजना | ८ कर्मचारी | २९७५० |
| २५६।०८०।२।८ | ७ दिने उद्यमशिलता विकास तालिम | ९ कर्मचारी | १७००० |
| ३६५।०८०।३।१२ | आप्रवासी कामदार संजालका पदाधिकारीहरूलाई सुरक्षित वैदेशिक रोजगारका सवाल र संस्थागत विकास सम्बन्धी २ दिने तालिम | पदाधिकारी सहित ५ जना | ४२५० |
| २५८।०८०।२।९ | सामुदायिक तथा निजि विद्यालयका विद्यार्थी कक्षा ९ र १० लाई वृत्ति मार्ग निर्देशन कार्यक्रम | १ जना | ३४०० |
| २५६।०८०।२।८ | ७ दिने उद्यमशिलता विकास तालिम | पदाधिकारी सहित ९ | १७००० |
| ४०३।०८०।३।१८ | बेरोजगार तथा रोजगारबाट फर्किएका युवाको तथ्यांक संकलन कार्यक्रम | ७ कर्मचारी | २३८०० |
| १५२।०७९।११।२९ | विद्यालयका प्र अ तथा शिक्षकहरूको लागि कम्प्यूटर सम्बन्धी ३ दिने तालिम | ४ कर्मचारी | ६८०० |
| जम्माः | | | १०२००० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १२ | **निर्माण व्यवसायीबाट काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकामा उपभोक्तालाई दिएको काम निर्माण व्यवसायीबाट गराएको भनी गतवर्षको महालेखापरीक्षकको प्रतिवेदनमा व्यहोरा उल्लेख गरेपनि स्थिति यथावत छ । उपभोक्ताले रकम भुक्तानी लिन पेस गरेको बिल, भरपाई, कार्यबिल लगायतको फाँटबारीको नमूना परीक्षण गर्दा उपभोक्ताको श्रम प्रयोग नभएको, मेसिनयन्त्र प्रयोग गरी ग्राबेल बाटो तयार गरेको, नयाँ सडक बनाएको तथा बाटो स्तरीकरण गर्दा निर्माण व्यवसायीले पेस गरेको विजकमा उल्लेख भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाए नबुझाएको यकिन गर्न सकिएन । तसर्थ देहायअनुसारका उपभोक्ता मार्फत् भुक्तानी लिन निर्माण व्यवसायीले जारी गरेका विजकको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण संलग्न गरेर मात्र भुक्तानी गर्नु पर्दछ। | ०.०० |

| भौ.नं.।मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | बिल रकम | मू.अ. कर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| १६७१।२०८०।३।२४ | सिचाई कुना बाट मनकामना जाने बाटो / स्तरउन्नती निर्माण उपभोक्ता समिति | ९९७५८६ | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ८७२९०६ | ११३४७८ | ९८६३८४ |
| १५४५।२०८०।३।२४ | भुलभुले ज्योति खेल मैदान स्तरिकरण उपभोक्ता समिति,-१८ | १७४०६९८ | दुर्गाग्रुप होल्डिङ्ग एण्ड कम्पनी प्रा.लि. | १७५४५२३ | २२८०८८ | १९८२६११ |
| १५२८।२०८०।३।२१ | चिसापानी कवडहल निर्माण उपभोक्ता समिति,हेटौडा-१६ | १९९७७४८ | श्री हरिहर निर्माण सेवा (११९८९४०४८) | ४६६४२३ | ६०६३५ | ५२७०५८ |
| | | | कृषेश्वर ग्रील उद्योग (६००६१८२८२) | १०३०४८९ | १३३९६४ | ११६४४५३ |
| १३९१।२०८०।३।२१ | श्री किसेडीखोला फलामे पुल सडक निर्माण / उपभोक्ता समिति हेटौडा-१ | २८०९६६९ | दिपदर्शन बिल्डर्स एण्ड सप्लायर्स -६०५३५३९२०७ | २९३१९५० | ३८११५४ | ३३१३१०४ |
| ११८५।२०८०।२।३० | डम्पिङ्ग साईट पूर्वाधार निर्माण उपभोक्ता समिति | ३८४५१४३ | साइन एण्ड ब्रदर्श (३०४२३३६१६) | २५५२०८९ | ३३१७७२ | २८८३८६१ |
| १२४७।२०८०।३।४ | भार्ले वालकेन्द्रको ठाडो बाटो स्तरीकरण उ.स., हेटौंडा-१२ | ७३१६७५ | सुवेदी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. -६०९८६९२७१ | ४०६४०४ | ५२८३३ | ४५९२३७ |
| १२१०।२०८०।२।३१ | न्युरेनी टोल विकास संस्था अधुरो भवन निर्माण / उपभोक्ता समिति १० | ६८८७८६ | झरना कन्स्ट्रक्सन प्रा.लि. (६१००००९२४) | ६७५३५३ | ८७७९६ | ७६३१४९ |
| १२०६।२०८०।२।३१ | केदारनाथ मार्ग स्ल्याब ढलान उपभोक्ता समिति हेटौडा-१५ | १२९९७८८ | श्रीमान् निर्माण सेवा प्रा.लि. (६१०३०६३९४) | १११६९१४ | १४५१९९ | १२६२११३ |
| १२६३।२०८०।३।५ | कुवापानी सडक स्तरीकरण उपभोक्ता समिति हेटौडा-१९ | १०००००० | गुणी निर्माण सेवा (६०४११२२४०) | ३७७१३५ | ४९०२८ | ४२६१६३ |
| | | | जे.एस. सप्लायर्स (६११४८४१२१) | ५०५४२७ | ६५७०६ | ५७११३३ |
| ११९८।२०८०।२।३० | श्री पंचकन्या मार्ग निर्माण उपभोक्ता समिती | ६००००० | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ३५८४७३ | ४६६०१ | ४०५०७४ |
| | | | शुभ क्रसर उद्योग (३०१४९८४५२) | १८२९४१ | २३७८२ | २०६७२३ |
| ११९७।२०८०।२।३० | श्री विजयपथ सडक स्ल्याब ढलान नि.उ.स.हेटौडा-६ | १५००००० | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ९८५२६० | १२८०८४ | १११३३४४ |
| | | | शुभ क्रसर उद्योग (३०१४९८४५२) | ४६१८७९ | ६००४४ | ५२१९२३ |
| ११९६।२०८०।२।३० | पदम मार्ग कल्याणटार जानेबाटो पूर्वाधार नि.उ.स.हेटौडा-६ | ७००००० | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ४३२२४८ | ५६१९२ | ४८८४४० |
| | | | शुभ क्रसर उद्योग (३०१४९८४५२) | १९५०३० | २५३५४ | २२०३८४ |
| ११९२।२०८०।२।३० | फुलबारी मार्ग स्ल्याब ढलान उपभोक्ता समिति | ७००००० | शुभ क्रसर उद्योग (३०१४९८४५२) | २११३९८ | २७४८२ | २३८८८० |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हेटौडा-६ | | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ४२११९० | ५४७५५ | ४७५९४५ |
| ११९१।२०८०।२।३० | भवती मार्ग स्ल्याव ढलान निर्माण उपभोक्ता समिति | ६७०४९६ | शुभ क्रसर उद्योग (३०१४९८४५२) | १८४९०९ | २४०३८ | २०८९४७ |
| | | | पराजुली निर्माण सेवा (६०९०६६७५७) | ४१५७९२ | ५४०५३ | ४६९८४५ |
| ११४०।२०८०।२।२४ | १२ नं. वडाको कच्ची सडक ग्राबेलिंग उपभोक्ता समिति हेटौडा-१२ | ४९८३४८ | रोक्का सप्लायर्स (३००८८७०४०) | ५५४००० | ७२०२० | ६२६०२० |
| ११३८।२०८०।२।२४ | ओमनगर सिद्दार्थ मार्ग बाटो स्ल्याब ढलान निर्माण उपभोक्ता समिति | ७९२१८६ | हाम्रो कटुवाल कन्स्ट्रक्सन (३०१४८८७०३) | २७४२७० | ३५६५५ | ३०९९२५ |
| | | | पुनम सप्लायर्स (६०११७०६२९) | ४००४०० | ५२०५२ | ४५२४५२ |
| ८४७।२०८०।१।१९ | मेल्ट्री टोल जाने बाटो स्ल्याव ढलान उपभोक्ता समिति | ९९७६५२ | सुवेदी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. -६०९८६९२७१ | ८८८९०९ | ११५५५८ | १००४४६७ |
| ८४६।२०८०।१।१९ | उत्तरपानी मेल्ट्रीटोल तिर्थभुलोनको घर जानेबाटो स्ल्याब ढलान उ.स.हेटौडा-१४ | १०००००० | सुवेदी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. -६०९८६९२७१ | ८९९५८० | ११६९४५ | १०१६५२५ |
| ८०७।२०८०।१।१४ | खड्का टोलदेखि तामा खोला जोड्ने बाटो स्तरोन्नति उ.स.हेटौडा-१६ | ९९९००० | हरिपुर निर्माण सेवा (११९८९४०४८) | ५७४९१५ | ७४७३९ | ६४९६५४ |
| | | | ए.एस.सि. कन्स्ट्रक्सन (६०६५३०५१८) | २४७०२० | ३२११३ | २७९१३३ |
| ८०६।२०८०।१।१४ | चक्रपथ देखि खड्का टोल जानेबाटो स्तरीकरण नि.उ.स.हेटौडा-१६ | १०००००० | हरिपुर निर्माण सेवा (११९८९४०४८) | ५७११७८ | ७४२५३ | ६४५४३१ |
| | | | ए.एस.सि. कन्स्ट्रक्सन (६०६५३०५१८) | ३३५०२० | ४३५५३ | ३७८५७३ |
| ८०५।२०८०।१।१४ | रंगपथ सडक निर्माण उपभोक्ता समिति, हेटौडा-५ | २४८९५४७ | कार्की सप्लायर्स (६०८०११९४७) | १७८८३९० | २३२४९१ | २०२०८८१ |
| | | | मकवानपुर कन्स्ट्रक्सन (६०६६३००९०) | ७९६०० | १०३४८ | ८९९४८ |
| ८१६।२०८०।१।१५ | म्यारप्योन मोक्तान बाजेको घरबाट सोल्टीचोक जानेबाटो स्ल्याब ढलान उ.स.हेटौडा-१२ | ५००००० | कुठमाण्डु कन्स्ट्रक्सन (३०४६००४५६) | ४४५१५१ | ५७८७० | ५०३०२१ |
| २२।२०८०।३।२४ | पवित्रटोल डिप बोरिङ सिंचाइ उपभोक्ता समिति,हेटौडा-१३ | २३६४००० | नलपुर ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन | १९७४२१० | २५६६४७ | २२३०८५७ |
| २१।२०८०।३।२४ | लक्ष्मिपुर डिप बोरिङ्ग उपभोक्ता समिति-१७ | २१५६००० | नेपाल तराई निर्माण तथा डिप ट्युबेल प्रा.लि. | १५४३५३६ | २००६६० | १७४४१९६ |
| १८।२०८०।३।२४ | नमुना डिप बोरिङ्ग तथा पाइपलाईन विस्तार उपभोक्ता समिति -१२ | २२९४४३९ | नलपुर ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन | १९७४२१० | २५६६४७ | २२३०८५७ |
| १७।२०८०।३।२४ | डिप बोरिङ निर्माण उपभोक्ता समिति-१२ | २०२८५०५ | नेपाल तराई निर्माण तथा डिप ट्युबेल प्रा.लि. | १७१९९५२ | २२३५९४ | १९४३५४६ |
| | | | जम्मा | | ४००५१८० | |

१३ **कोटेशनबाट कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२क) मा प्रतिस्पर्धालाई सिमित हुने गरी खरिद गर्न नहुने उल्लेख छ । यस वर्ष कार्यालयले १२ वटा निर्माण व्यवसायीहरूबाट रु.७९ लाख ७३ हजार ४७२ काम कोटेशनबाट गराएको छ । एकै खालका एउटै एरियाको काम प्याकेज बनाई प्रतिस्पर्धाको विधिबाट निर्माण गरेको भए मितव्ययी, गुणस्तरीय, दिगो हुने थियो । कार्यालयले ठूलो रकम धेरै निर्माण व्यवसायीबाट सिंधै गराएको खरिद कार्य उपयुक्त देखिएन । ०.००

| सि. नं. | कार्यक्रमको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वस पार्क क्षेत्रमा प्याचिंग गर्ने कार्य हेटौंडा, १० | सतगुण निर्माण सेवा हेटौंडा,४ | ४८०९२० |
| २ | १ नं. को विभिन्न कच्चि सडक सफा गर्ने कार्य, हेटौंडा,१ | कालिका बिल्डर्स हेटौंडा | ४९२५०५ |
| ३ | हेउमनपाको कार्यालय परिसरमा वासुदेव रिजालको स्मारक स्थापना भवन | सौभाग्य एण्ड वि.एस.बिल्डर्स | ९७९९२७ |

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | रंगरोगन तथा अन्य कार्य | वाग्मती, ४ | |
| ४ | हेउमनपा १० को कर कार्यालय अगाडि वाटो स्तरीकरण गर्ने कार्य | पाखिन निर्माण सेवा हेटौंडा,१० | ९६८२८१ |
| ५ | वेलि व्रिज मर्मत हेटौंडा, ७ | एलाईभ कन्स्ट्रक्सन कम्पनी | २१५९१४ |
| ६ | त्रिवेणी निमावि विधालय संरचना निर्माण हेटौंडा,९ | रुप्सन कन्स्ट्रक्सन वुढानिलकण्ठ ८ | ४६१५५८ |
| ७ | ३ नं. वडा कार्यालयको सेफ्टी टंकी निर्माण हेटौंडा,३ | श्री दाहाल निर्माण सेवा पदमपोखरी | २४९५९५ |
| ८ | वाल सुधार गृह पूर्वाधार निर्माण हेटौंडा,११ | कालेशु कन्स्ट्रक्सन वुढानिलकण्ठ,८ | ९८६८६६ |
| ९ | हेटौंडा उपमहानगरपालिका वडा नं.१० को वडा कार्यालय भवन र स्वास्थ्य केन्द्र अधुरो भवन प्लास्टर हेटौंडा,१० | डिश्ना टेक्नोलोजी प्रा.लि.हेटौंडा,२ | ९१८८९४ |
| १० | हेटौंडा सामुदायिक आखा अस्पतालको विरामी कुरुवा कक्ष निर्माण हेटौंडा,१० | सुजन निर्माण सेवा भीमफेदी , १० | ९५९८७९ |
| ११ | हेटौंडा उपमहानगरपालिका वडा नं.४ अन्तर्गत स्कुल रोड वैंक अफ काठमाडौं अगाडिको रोड र चिसापानी चोक सडक स्तरीकरण कार्य हेटौंडा,४ | जि.आर.निर्माण सेवा हेटौंडा, १० | ८१८५४१ |
| १२ | हेटौंडा उपमहानगरपालिका वडा नं.७ स्थित किरन चो खहरेमा ग्याविन हाल्ने कार्य हेटौंडा,७ | पाथिभरा निर्माण सेवा हेटौंडा, १५ | ४४०५९२ |
| **जम्माः** | | | ७९७३४७२ |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : हेटौडा उप महानगरपालिका , हेटौडा उप-महानगरपालिका , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिवराज चौलागाई | २०७७-१२-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जेकप श्रेष्ठ | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६८,०९०,५२३.५२ | ४१,९६०,२४५ | ३४,३७५,८००.९५ | ० | ० | २५,४४६,४३४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १६९,८७३,००३.४७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ६३,५३२,७३५.४८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०६,३४०,२६७.९९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १२४४१५८४१०.६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १०९९००६८१८.९८ | **चालु खर्च** | १४०७९८४३४५.०८ |
| **प्रदेश सरकारबाट अनुदान** | ८५५७२४०८.०२ | **पूँजीगत खर्च** | १०६१३३२६७०.२९ |
| **राजश्व बाँडफाँट** | ४५३५१५८६२.६५ | **वित्तीय/अन्य व्यवस्था** | ६४७५५८५१९.६९ |
| **आन्तरिक आय** | २६१८०५८३४.०५ | | |
| **अन्य आय** | ६३८८७२६८४.२१ | | |
| **कुल आय** | २५३८७७३६०७.९१ | **कुल खर्च** | ३११६८७५५३५.०६ |
| **बाँकी मौज्दात** | | ६६६०५६४८३.४८ | |